# रातो खबर साप्ताहिक
Ratokhabar weekly

वर्ष ३, अङ्क २९, पूर्णाङ्क १२४ | २०७४ पुस १९ गते बुधबार | Wednesday, 03 Jan 2018 | www.eratokhabar.com | मूल्य रु. १०


## चुनाव खारेजी अभियानबाट देश क्रान्तिको चरणमा प्रवेश गरेको छ



नेत्रविक्रम चन्द 'विप्लव'

अन्तरवार्ता पृष्ठ ३

# कुर्सी स्वार्थको पुरानै संस्कार



■ रातो खबर संवाददाता

प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन सकिएको पनि एक महिना सकिएको छ। खडेरीको काकाकूलझैं राहत र विकासको तिर्खामा मल्हम लाग्ला भन्ने आशामा सिंहदरबारतिर फर्किएका नागरिकका आँखा टट्टाउन थालेका छन् । एकल सङ्क्रमणीय कि बहुमतीय ? भन्ने जनताका लागि नरर्थक बहस 'नत्र चिसै पानीले नुहाउँछु' उखानजस्तै भएर सकिएको छ । माथिल्लो सभाको गठन प्रक्रियाको बहस सकिंदा नसकिंदै नयाँ नयाँ बहस र किचलो सुरु भएका छन् । सत्तारुढ कांग्रेसलाई कुर्सी छोड्न जति गाऱ्हो भइरहेको छ, एमाले गठबन्धनलाई कुर्सीमा टाँसिन त्योभन्दा पनि बढी हतारो भइरहेको देखिन्छ । कांग्रेसमा विधिवत् देखिएको छ भने एमाले गठबन्धनमा अराजकतावाद देख्न सकिन्छ। यी दुई पक्षमा जनतालाई राहत दिनेभन्दा कुर्सीमोह मुख्य विषय रहेको छ।

चुनाव सकिएसँगै उपभोग्यवस्तुको मूल्यमा भारी वृद्धि भएको छ। आर्थिक र बजार सन्तुलनको मापदण्ड मानिने पेट्रोलियम पदार्थको मूल्यमा निर्वाचनयता दुईपटक मूल्यवृद्धि भइसकेको छ । सेवा-सुविधाविहीन करको भारीले नागरिकको ढाड भाँचिएको छ । एकातिर भूकम्पपीडित जनता टहरामा चिसो रात कटाउन बाध्य छन् । अर्कोतिर उनीहरूको नाममा देश र दाताहरूले दिएको रकममा करोडौं भ्रष्टाचार र अनियमितता भएको छ। पुरानो रजनीति, विचारधारा र पुरानै नेताहरूबाट देशको समृद्धि र स्वाभिमान सम्भव छैन भन्ने कुरा एकपटक फेरि प्रकट भएको अवस्था भोग्न देश बाध्य भएको छ। देशमा निराशा झन् बढ्दैछ।

बाहिरबाट हेर्दा राजनीतिक अलमलमा कांग्रेसजत्तिक जिम्मेवार एमाले पार्टी छ। सरकारले पठाएकै अध्यादेश पारित वा स्वीकृत गर्नु नै थियो भने झन्डै ३ महिनासम्म अड्काएर राख्नुको औचित्य के हो ? त्यसप्रकारको अड्चनले ... बाँकी पृष्ठ ७ मा

## माओवादी केन्द्र तीन टुक्रा



■ रातो खबर संवाददाता

**काठमाडौं** : प्रचण्ड नेतृत्वको माओवादी केन्द्रको एमालेमा विलयसँगै सो पार्टीभित्र कचिङ्गल र विद्रोह तीव्र भएको छ । सो पार्टीका प्रभावशाली नेता विश्वभक्त दुलालको नेतृत्वमा अलग समूह पुस महिनाभित्रै गठन हुने भएको छ। उनलाई सोनाम साथी, निनु चापागाई, राजु खड्का, जागृत रायमाझी, संगीत स्रोता, केवल विनावीलगायतले साथ दिने निश्चित भैसकेको छ । त्यसैगरी अर्का नेता गोपाल किराँती 'साईला' को नेतृत्वमा प्रचण्डसँग एमालेमा विलय हुनु अगाडि आठौं महाधिवेशन बोलाउन लिखित पत्र पठाएका छन् । सो माग पूरा नभए किराँतीले पुसभित्रै समानान्तर पार्टी गठन गर्ने भएका छन् । किराँतीको विद्रोहले प्रचण्डको पूर्वी नेपालमा प्रभाव खस्किने छ।

## माओवादी केन्द्रमा समानुपातिकको किचलो

■ अम्बिका चन्द / काठमाडौं



समानुपातिकतर्फबाट नाम छनौट प्रक्रियाको विषयलाई लिएर माओवादी केन्द्रभित्र चुलिएको विवाद छताछुल्ल भएको। केन्द्रका नेताद्वय हितमान शाक्य र झक्कुप्रसाद सुवेदीमाथि काठमाडौं पेरिसडाँडामा रहेको कार्यालयमै हातपात भएको घटनासँगै आन्तरिक विवाद छताछुल्ल भएको हो।

माओवादी केन्द्रभित्र रहेका इमानदार र पुराना नेता तथा कार्यकर्ताहरूले आफ्नो पार्टीमा सिनियर र योगदान गरेभन्दा नेताको चाकडी गर्ने र मोटो रकम बुझाउनेहरू समानुपातिकको सूचीमा परेको भन्दै व्यापक असन्तुष्टि पोखिरहेका छन् । उनीहरूको पार्टीमा योगदान गरेका, सहिद परिवार, घाइते अपाङ्गहरूलाई प्रामिकता नदिएर नेताको श्रीमती, छोराछोरीलाई नातागोताको व्यक्ति प्रतिनिधिसभा र प्रदेशसभा समानुपातिकतर्फका उम्मेद्वार छनौट भएको बताएका छन्।

माओवादी केन्द्रका ३ नं. प्रदेश इन्चार्ज रहेका हितमान शाक्य र संयोजक झक्कु सुवेदीमाथि आक्रमण गरेको भनी चर्चामा आएका सिन्धुपाल्चोकका पुराना नेता हिमलाला पराजुली ' हिमाल' ले समानुपातिकको सूचीमा आफ्नो नाम १ नम्बरमा हुँदाहुँदै पनि पार्टीका नेताहरूले दोलखाका आङडेण्डी लामासँगै २ करोड रुपैयाँ कमिसन लिएर प्रदेशमा सदस्य बनाएको बताएका छन् । साथै, पराजुलीले पार्टीमा योगदान नगरेका पसल थापेर बसेका, निस्क्रिय रहेका नेताका श्रीमती छोराछोरी बुहारी, इष्टमित्र, नातागोता र ... बाँकी पृष्ठ ७ मा

## दोलखामा क्रान्तिकारी ध्रुबीकरण



■ रातो खबर संवाददाता / दोलखा

कथित वाम गठबन्धनमार्फत् नेकपा एमालेमा विलय भएसँगै माओवादी केन्द्रनिकट अखिल (क्रान्तिकारी) जिल्ला नेतृत्व चरम सांगठनिक अराजकता र भ्रस्टाचारमा लिप्त भएको ठहर गर्दै २०७४ पुस १० गते विज्ञप्ति जारी गरी अखिल (क्रान्तिकारी), जिरी नगर समितिका अध्यक्ष विशाल जिरेल, नेपाल कम्युनिस्ट ... बाँकी पृष्ठ ७ मा

## सीजीका मजदुर र मालिक मिले !



■ रातो खबर संवाददाता / गुलरिया

बर्दिया जिल्लाको उदीयमान नगर बाँसगढीस्थित सिजी फुड इन्टरप्राइजेज प्रालिमा कार्यरत मजदुर र कारखाना व्यवस्थापन पक्षका बीचमा लामो समयदेखिको तनाव, द्वन्द्व र हडताल आपसी सहमतिमा 'वीनवीन नीति' मा टुङ्गिएको छ। पुस १५ को लिखित सम्झौतापछि हड्ताली मजदुरहरू काममा फर्किएका छन्।

नेकपा निकट अखिल नेपाल क्रान्तिकारी औद्योगिक मजदुर संघले असोज ६ गते विनोद चौधरीको बाँसगढीस्थित सो उद्योगको व्यवस्थापनलाई २४ सूत्रीय माग प्रस्तुत गरेका थिए। मजदुर नेता रमेश विश्वकर्माद्वारा हस्ताक्षरित मागपत्रअनुसार मजदुरको मासिक न्यूनतम ... बाँकी पृष्ठ ७ मा

## असफलताको चाङभित्र लुकेको सम्भावना

देश/परिवेश

■ चिरन पुन



**१. असफल संसदवादी राजनीतिक पार्टी र सरकार**

बहुदलको आगमनपछि सबैभन्दा धेरै सरकारमा बस्ने पार्टी नेपाली कांग्रेस हो। २०४७ मा कांग्रेस नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा पहिलो अन्तरिम सरकारबाट कांग्रेसले आफ्नो सरकारको यात्रा तय गऱ्यो । त्यसपछि २०४८ मा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा दोस्रो, २०५५ वैशाख २ गते सभापति कोइरालाकै नेतृत्वमा तेस्रो, २०५६ जेठ १३ गते नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा चौथो, २०५६ चैत ७ गते गिरिजाप्रसाद कोइरालाकै नेतृत्वमा पाँचौं, २०५८ साउन ११ गते नेता शेरबहादुर देउवाको नेतृत्वमा छैठौंपल्ट नेपाली कांग्रेस सरकारमा बस्यो । २०६१ जेठ २१ गते नेका (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवाको नेतृत्वमा सातौं, २०६३ वैशाख १२ गते सभापति गिरिजाप्रसाद कोइरालाकै नेतृत्वमा आठौंपटक कांग्रेसकै सरकार बन्यो । २०७० माघ २८ गते पार्टी सभापति सुशील कोइरालाको नेतृत्वमा नवौं र २०७४ असोज महिनामा सभापति शेरबहादुर देउवाको नेतृत्वमा दसौंपटक कांग्रेसको तर्फबाट प्रधानमन्त्रीमा बने। बहुदलपछिको यो २८ वर्षमा सबैभन्दा धेरै आफ्नो नेतृत्वमा सरकार बनाउने पार्टी नेपाली कांग्रेस नै हो । उसको पालामा निकै राष्ट्रघात, जनघातका घटनाहरू भए। भ्रष्टाचार, कमिसनखोर, कालोबजारीजस्ता विषयहरूले चुली नाँघ्यो। त्यसैले नेपाली कांग्रेस र उसले संचालन गरेको सरकार पूर्णतः असफल, राष्ट्रविरोधी, जनविरोधी सरकारको रूपमा नेपाली जनताको अघि चिरपरिचत बनेको छ।

त्यस्तै, एमाले पनि निकै ठूलो ढुलमुले र अवसरवादी पार्टीको रूपमा परिचत छ । २०५१ सालमा एमाले अध्यक्ष मनमोहनको नेतृत्वमा पहिलो एमालेको सरकार बन्यो। २०६६ जेठ ११ गते एमाले नेता माधवकुमार नेपालको नेतृत्वमा दोस्रो, २०६७ माघ २३ गते एमाले नेता झलनाथ खनालको नेतृत्वमा तेस्रो, २०७२ असोज २५ गते एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा चौथोपटक प्रधानमन्त्रीको कुर्सीमा आसीन भए तर उसले सरकारका लागि राप्रपा जस्तो पार्टीसँग पनि गठबन्धन सरकारमा सामेल भयो। कांग्रेसभन्दा पनि धेरैपटक गठबन्धन सरकारमा सामेल हुने पार्टी पनि एमाले नै हो। अझ तत्कालीन राजा ज्ञानेन्द्रलाई समेत एमाले नेता माधव नेपालले प्रधानमन्त्रीका लागि विन्तीपत्र चढाएर आफ्नो बाँकी पृष्ठ ४ मा

## सम्पादकीय

# भ्रष्टाचारीलाई उन्मुक्ति नदेऊ

पढेलेखेका र राज्यको भत्ता थाप्नेहरूले नै देश बनाउने अथवा बिगार्ने हुन् । निमुखाले देश कहिल्यै बिगारेको हुँदैन । जब देशमा संकट आइलाग्छ, लाखौँ नागरिक ढाल बनेर उभिन्छन् । तर क्रान्ति वा शान्तिपछि निमुखो खेल-खलिहान फर्किन्छ । कारखानामा फर्किन्छ । भत्ता थप्नेहरू तिनै निमुखाको बुइँ चढ्न थाल्छन् । समय त्यसरी नै गुज्रिँदै आएको छ ।

शंकास्पद व्यापारी अजयराज सुमार्गीले अवैध रूपमा विदेशबाट ऋणको नाममा ल्याएको गैर-कानुनी भएको प्रस्ट भइसकेको छ । उनको अवैध धन्दाका पछाडि पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल रहेको चर्चा चलिरहेको छ । दाहालसहितको संलग्नतामा अवैध रकम विदेश लगिएको र त्यही कालो धनलाई वैधता दिन ऋणको नाममा भित्र्याउन खोजेको देखिन्छ । दाहालको राजकीय शक्ति प्रयोग गरेर सुमार्गीले उन्मुक्ति पाइरहेका छन् । दाहालकै कारण देउवा-दाहाल सरकारको समयमा प्रम दाहाल र हाल एमालेका शक्तिशाली नेताहरूसमेत सुमार्गीलाई चोख्याउन लागेको आशंका गरिन्छ । सुमार्गीसँगै थुप्रै भत्तावाल र झण्डावालाहरू तानिन सक्छन् ।

भूकम्पबाट पीडितको राहत सामग्री यत्रतत्र भ्रष्टाचार भएका थिए । मन्त्री, सांसद् र शक्तिशाली नेताहरू नै सो भ्रष्टाचारमा संलग्न थिए । भारतका कतिपय राज्यहरूमा यात्रुवाहक वाहन दुर्घटना भएमा उद्धार गर्नको सट्टा दुष्टहरू गोजी र झोला छाम्ने गरेका समाचार आउँछन् । त्यस्तै स्थिति नेपालमा देखिएको छ । भूकम्प पीडितलाई राहत दिनुको सट्टा उनकै भाग खोस्ने कार्य भएको छ । त्यसप्रकारको अपराधमा शक्तिकेन्द्रको आशीर्वादप्राप्तव्यक्तिहरूछन् ।तसर्थ,त्यसप्रकारका अपराधीलाई त तत्काल कारवाहीको दायरामा ल्याउनुपर्दछ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# मार्क्सवाद र महिला

*अन्तर्रराष्ट्रिय अति एकाधिकारवादी पुँजीपतिहरूले विश्वमा कच्चा पदार्थको श्रोत र विश्वबजारमा एकाधिकार कायम गरिरहेका छन् भने उनीहरूले महिलाहरूलाई उत्पादनको औजार बनाएका छन् । त्यसको लागि बेश्यालयहरू खोलेका छन्, सुन्दरी प्रतियोगिता गरिरहेका छन् । विज्ञापनको साधन बनाएका छन् र उनीहरूबाट सस्तो श्रम लुटिरहेका छन् । नेपालका दलाल पुँजीवादीहरू ती र तीजस्तै पुँजीवादीहरूको सेवाका लागि महिलाहरूको उपयोग गरिरहेका छन् ।*



**हेमन्तप्रकाश ओली 'सुदर्शन'**

मार्क्सवाद मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओले प्रतिपादन गरेको उन्नत दर्शन हो । यसलाई उत्पीडित र श्रमजीवी जनताको मुक्तिदर्शन पनि भन्न सकिन्छ । महिला भनेको दासयुगदेखि आजको उत्तर-साम्राज्यवादको युगसम्म दोहोरो शोषणमा बाँचिरहेको मानवजातिको आधा आकाश र आधा धर्ती ढाक्ने उत्पीडित वर्ग हो । उनीहरूले दुईवटा शोषणबाट मुक्ति पाउनुपर्नेछ । एउटा पुरुष आधिपत्य र अर्को राज्यसत्ताबाट त्यसकारण उत्पीडित वर्गले मार्क्सवाद पढ्न जरुरी छ । साम्यवादीहरूले उत्पीडित वर्गका घरघरमा, खेत-खालिहानमा, कारखानामा र चुल्होचौकोमा मार्क्सवाद पुऱ्याउन अति आवश्यक छ । यसकारणले कि अज्ञानताले कहिल्यै र कहीँ पनि क्रान्ति भएको छैन । मार्क्सवादी ज्ञान भनेको दुनियाँ बुझ्ने, बदल्ने र विकास गर्ने दर्शन हो । मार्क्सवाद स्वयं विकास हुँदै माओवादमा आइपुगेको छ । मार्क्स र एङ्गेल्सले साम्यवादको रूपरेखा तयार पार्नुभयो । लेनिन, स्टालिन र माओले आफ्नो देश र कालमा त्यसको व्यावहारिक रूप दिनुभयो । आज अति केन्द्रीकृत साम्राज्यवाद र उत्पीडित जनताका बीच भीषण संघर्ष चलिरहेको छ । पेरिस कम्युनदेखि आजसम्म हार र जितको प्रक्रिया अघि बढिरहेको छ । हाम्रा आधारइलाकाहरू गुमेका छन्, हाम्रा विजयी किल्लाहरू भत्केका छन् । हामी फेरि सम्हालिँदैछौँ । हामी समीक्षा गर्दैछौँ । आखिर हामीभित्रैको खराबीले गर्दा नै हामी पराजित भएका थियौँ । हामीले भनेका छौँ कि एउटा त हामीले मार्क्सवादको मूल पाठ दह्रोसँग ग्रहण गर्न सकेनौँ र अर्को परिस्थितिअनुरूप त्यसको विकास गर्न सकेनौँ । तेश्रो दुश्मनले सजिलै आफूले खाइपाई आएको गद्दी सजिलै छोड्ने कुरा पनि भएन ।

मार्क्सले साम्यवादको सिद्धान्त रच्दै गर्दा त्यतिबेलाका पुँजीवादीहरूले महिलाहरूलाई साम्यवादको संघर्षमा आउन नदिन साम्यवादीहरूलाई कस्तो आरोप लगाउँथे र उहाँले त्यस आरोपको कसरी खण्डन गर्नुभएको छ भन्ने कुरा बुझ्न 'साम्यवादी दलको घोषणापत्र पढ्न जरुरी छ । त्यसको एउटा पाठलाई यहाँ उद्दृढ गरौँ :

"… सम्पूर्ण पुँजीपतिहरू घाँटी फुट्नेगरी एउटै स्वरमा कुर्लँदैछन्, साम्यवादीहरूले महिलाहरूलाई सर्वोपभोग्य बनाउनेछन् ।"

"पुँजीपतिहरूले आफ्ना पत्नीलाई उत्पादनको एउटा औजारबाहेक अरू केही सोच्दैन । उसले साम्यवादी समाजमा उत्पादनका औजारहरूको सामूहिक रूपमा उपभोग हुन्छ भन्ने कुरा सुनेको छ । यही कारणले स्वाभाविक रूपमा उसले त्यस समाजमा सबै वस्तुहरूजस्तै महिला पनि सर्वोपभोग्य हुनेछन् भन्ने निष्कर्षबाहेक अर्को निकाल्न सक्तैन ।

"उसले वास्तवमा साम्यवादीहरूको उद्देश्य महिलाहरूलाई उत्पादनको औजार जस्तो स्थिति अन्त गर्ने रहेको छ भन्ने कुरा सपनामा पनि सोच्न सक्तैन ।

"महिलालाई सर्वोपभोग्य बनाउने कुराका विरुद्ध पुँजीपतिहरूको सदाचारी आक्रोसभन्दा बढी हास्यास्पद अरू केही हुन सक्तैन, उनीहरू साम्यवादअन्तर्गत महिलाहरूलाई खुल्लमखुल्ला र सरकारी तरिकाले सर्वोपभोग्य रूपमा स्थापित गर्नेछन् भनी बुझ्ने वहाना गर्दछन् । साम्यवादीहरूलाई महिलामाथि सर्वोपभोग्यता कायम गर्ने कुनै आवश्यकता छैन किनभने त्यो त बाबा आदमको पालादेखि चल्दै आएको छ ।

"हाम्रा पुँजीपतिहरू मजदुरका छोरी-बुहारीहरूलाई आफ्नो मनमानी ढंगले भोग गर्दा पनि सन्तुष्ट हुँदैनन, बेश्याहरूबाट पनि उनीहरूको प्यास मेटिँदैन, यही कारणले गर्दा एक-अर्काका श्रीमतीहरूमाथि हात हालेर नै उनीहरूलाई विशेष आनन्द प्राप्त हुन्छ ।

"पुँजीवादी विवाह वास्तवमा साझा पत्नीहरूकै एक व्यवस्था हो, यसकारण साम्यवादीविरुद्ध उनीहरू सर्वोपभोग्यताको विद्यमान ढोङपूर्ण र गुप्त प्रथालाई कानुनी रूप दिन चाहन्छन् भनेर बढीभन्दा बढी आरोप लगाउन सक्छन् । बाँकी कुरा त स्वतः स्पष्ट छ कि जब उत्पादनको वर्तमान व्यवस्था अन्त हुनेछ, तब यस व्यवस्थाबाट उत्पन्न बजारिया र घरानियाँ महिलाहरूको सर्वोपभोग्यता र बेश्यावृत्ति अन्त हुनेछ', मार्क्स-एंगेल्स, साम्यवादी दलको घोषणापत्र, १८४८ ।

यहाँ साम्यवादका प्रतिपादक मार्क्स र एङ्गेल्सले साम्यवादीहरूले श्रीमती पनि साझा बनाउनेछन् भन्ने आरोपको खण्डन गर्दै पुँजीपतिहरूको झ्याँको झार्नुभएको छ । आफ्ना श्रीमती, मजदुरहरूका छोरीबुहारी र बेश्याहरूसम्म जाँदा पनि यौनप्यास नमेटिएपछि उनीहरू एक-अर्काका श्रीमतीसँग समेत रंगलिला गर्दछन् । अनि यी पाजीहरूले हामीमाथि उत्पादनका साधनहरूजस्तै महिलाहरूलाई पनि साझा बनाउँदछन् भनेर झ्याली पिट्ने ? साम्यवादीहरूले त महिलाहरूलाई बजारमा किनबेच गर्ने पुँजीवादी वस्तुहरूबाट मुक्त गरी मानवजातिको अभिन्न अंगमा रूपान्तरण गर्न चाहन्छन् र पुँजीवादी व्यवस्थाको अन्त भएर साम्यवादी व्यवस्था आरम्भ भएपछि त्यहाँ उनीहरूको स्थिति कस्तो हुनेछ भन्नेबारे एङ्गेल्सले ' परिवार, निजी सम्पत्ति र राज्यसत्ताको उत्पत्ति' नामक प्रसिद्ध पुस्तकमा भन्नुभएको छ-

"… एउटा नयाँ पिढी जन्मनेछ- यस्तो पुरुष पिढी जसलाई जीवनभर कहिल्यै पनि कुनै महिलाको देहलाई पैसा दिएर अथवा सामाजिक शक्तिको अन्य साधनद्वारा किन्ने मौका मिल्नेछैन र यस्तो महिला पिढी जसलाई कहिल्यै पनि सच्चा प्रेमबाहेक अरू कुनै कारणले पुरुषको सामु आत्मसमर्पण गर्न विवश हुनुपर्नेछैन, न त आर्थिक परिणामको डरले आफूलाई आफ्नो प्रेमीसँग आत्मसमर्पण गर्न कसैले रोक्न सकोस् । जब एकपटक यस्ता महिला पुरुषले यस संसारमा जन्म लिनेछन्, तब उनीहरूले आज हामीले के गर्नुपर्दछ भन्ने कुरामा अलिकति पनि चिन्ता गर्ने छैनन् । उनीहरूले के गर्ने भन्ने बारे स्वयं तय गर्नेछन् र तदअनुरूप उनीहरू स्वयंले प्रत्येक व्यक्तिको आचरणबारे जनमत निर्माण गर्नेछन्, यति भएपछि समस्या समाधान हुनेछ", एंगेल्स, १८४८ ।

विशाल तथ्यसहित मार्क्स र एङ्गेल्सले यस्तो महिला पुरुष हुने सुन्दर वैज्ञानिक समाजवादी समाज र साम्यवाद पुष्टि गर्नुभएको छ । यो घीनलाग्दो पुँजीवादको ठाउँमा त्यो वैज्ञानिक समाज अवश्य प्राप्त हुनेछ ।

एङ्गेल्स अर्को ठाउँमा भन्नुहुन्छ - ' आधुनिक परिवारमा पत्नीमाथि पतिको आधिपत्यको विशिष्ठ चरित्र र दुवैको बीचमा वास्तविक सामाजिक समानता स्थापना गर्ने आवश्यकताको साथसाथै, यसको परिपूर्तिको तरिका त्यसैबेला मात्र पूर्ण स्पस्टतासाथ हाम्रोसमक्ष देखापर्दछ, जब पुरुष र महिला कानुनको दृष्टिमा पूर्णतः समान हुन्छन् । … सामाजिक उत्पादनमा सम्पूर्ण महिला जातिको सहभागिताको स्थिति पुनर्स्थापना नै महिला मुक्तिको पहिलो पूर्वाधार हो …', उही ।

पुरुष र महिला कानुनको दृष्टिमा समान हुने र सामाजिक उत्पादनमा उनीहरूको सहभागिता रहने व्यवस्था भनेको पुँजीवादी व्यवस्था होइन, वैज्ञानिक समाजवादी व्यवस्था हो । हामी उत्पीडित वर्ग त्यसैका लागि लडिरहेका छौँ ।

हामीले यहाँ समस्याको समाधान त प्रस्तुत गऱ्यौँ तर हाम्रो देश र कालका समस्याहरू नबुझीकन र तिनलाई नबदलीकन हामी वैज्ञानिक समाजवाद र साम्यवादमा पुग्न सक्तैनौँ ।

पहिलो कुरा, हाम्रो समयको उत्तर-साम्राज्यवादी पुँजीवाद भनेको एक प्रतिशत मानिसको अति-केन्द्रित एकाधिकार हो । एक प्रतिशतका प्रमुख नाइकेहरू पनि थोरै छन्-वारेन वफेट, विलगेट्स, जेफस बिजोस, कोनोड कोच, डेविड ओच, कार्लोस सिलिन र मार्क जोकरवर्ग । नेपालमा तिनका दलालहरू हुन्- विनोद चौधरी, उपेन्द्र महत्तो, अजेय सुमार्गी, आदित्य झा, बलराम चेनराई, शेष घले, दीपक मलहोत्रा, मीनबहादुर गुरुङ, प्रभाकर शम्सेर जबरा, मोहनगोपाल खेतान । अन्तर्राराष्ट्रिय अति एकाधिकारवादी पुँजीपतिहरूले विश्वमा कच्चा पदार्थको श्रोत र विश्वबजारमा एकाधिकार कायम गरिरहेका छन् भने उनीहरूले महिलाहरूलाई उत्पादनको औजार बनाएका छन् । त्यसको लागि बेश्यालयहरू खोलेका छन्, सुन्दरी प्रतियोगिता गरिरहेका छन् । विज्ञापनको साधन बनाएका छन् र उनीहरूबाट सस्तो श्रम लुटिरहेका छन् । नेपालका दलाल पुँजीवादीहरू ती र तीजस्तै पुँजीवादीहरूको सेवाका लागि महिलाहरूको उपयोग गरिरहेका छन् । नेपालमा समग्र श्रमिकवर्गले एकाधिकारवादी पुँजीवाद र दलाल पुँजीवादको तागतलाई ध्वस्त पारी वैज्ञानिक समाजवाद ल्याउनुपर्नेछ । अति एकाधिकारवादी पुँजीवादले हाम्रा वैज्ञानिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मित्रहरू बढाइदिएको छ । किसान, मजदुर र सिपाहीको पंक्तिमा मध्यमवर्गलाई पनि जान बाध्य पारेको छ । यो मानवइतिहासको नयाँ आयाम पनि हो । समग्र पुँजीपति वर्गको काम बनेको छ, महिलाहरूको उपभोग र उपयोगिता । समग्र श्रमिक वर्ग यस उपयोगितावाद विरुद्ध लड्न जरुरी छ ।

**महिलाहरूलाई पुँजीपतिहरू र दलाल पुँजीपतिहरू राजनीतिबाट कटाउन चाहन्छन् । राज्यसत्ता र राजनीतिको नेतृत्व स्वयं निगम पुँजीपतिहरू गर्न चाहन्छन् भन्ने कुरा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पुष्टि गरेका छन् । त्यसकारण लेनिनले साम्यवादीलाई भन्नुभएको छ- हाम्रो कार्यभार राजनीति प्रत्येक महिलाका लागि सुलभ बनाउनु हो ।"**

दोश्रो कुरा, महिलाहरूलाई पुँजीपतिहरू र दलाल पुँजीपतिहरू राजनीतिबाट कटाउन चाहन्छन् । राज्यसत्ता र राजनीतिको नेतृत्व स्वयं निगम पुँजीपतिहरू गर्न चाहन्छन् भन्ने कुरा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पुष्टि गरेका छन् । त्यसकारण लेनिनले साम्यवादीलाई भन्नुभएको छ- हाम्रो कार्यभार राजनीति प्रत्येक महिलाका लागि सुलभ बनाउनु हो ।" अति एकाधिकारवादी पुँजीपति वारेन वफेटले न्युयोर्क टाइम्सका पत्रकारलाई अन्तर्वार्ता दिँदा वर्गसंघर्ष कसले जित्दैछ भन्ने प्रश्नको जवाफ दिनेक्रममा भनेका छन्- 'वर्गयुद्ध चल्दैछ, ठीक छ तर मेरो वर्ग धनी वर्ग हो, त्यसले युद्ध लड्दैछ र हामीले जित्दैछौँ ।' यी जुकाहरू आफू यसरी खुल्लमखुल्ला राजनीति र वर्गसंघर्षको कुरा गर्दछन् । युद्ध पनि आफैँले चलाएको र आफैँले जितिरहेको कुरा गर्न कुनै शरम मान्दैनन् तर महिलालगायत उत्पीडित वर्गलाई भने नयाँ तरिकाले राजनीतिबाट बञ्चित गर्न चाहन्छन । उत्पीडित वर्ग भने राज्यसत्ता र राजनीतिबाहेक अरू सबै भ्रम हो भन्ने कुरामा सचेत रहनुपर्दछ । यसकारण कि अर्थतन्त्रको केन्द्रीय अभिव्यक्ति नै राजनीति हो ।

तेश्रो कुरा, राजनीतिक नेतृत्व लिन राजनीतिक संगठनमा आबद्ध हुन जरुरी छ । महिलाहरू आज धार्मिक प्रवचनमा व्यापक उपस्थित हुन्छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका बैठकहरूमा उपस्थित हुन्छन् तर राजनीतिक संगठन र कार्यक्रमहरूमा न्यून मात्रामा उपस्थित छन् । यही कारणले गर्दा पनि उनीहरू पिछडिएका छन् । त्यसकारण शोषित-उत्पीडित वर्गको नेतृत्व गर्ने साम्यवादी पार्टीले महिलाहरूका बीचमा आफ्नो कार्यक्रम घनीभूत बनाउन जरुरी छ । यसकारणले कि उनीहरूको सहभागिताबिना कुनै पनि क्रान्ति इतिहासमा पनि सफल भएको थिएन र आज पनि पूरा हुनेछैन ।

चौथो, धार्मिक रुढीवाद, घरेलु मानसिकता र पुरानो संस्कृतिका विरुद्ध महिलाहरू जुझारु भएर लड्नुपर्छ । यसमा त सांस्कृतिक क्रान्ति नै गर्नुपर्ने आवश्यकता छ । मार्क्सले भनेझैं जनताका लागि धर्म अफिम नै हो । अहिले त क्रिस्चियन, हिन्दु, बौद्ध र मुस्लिम धर्म मान्दछ, भन्नेहरूले धर्मका नाममा व्यापार चलाइरहेका छन् । महिलाहरूलाई यसले निकै ग्रसित बनाएको छ । रामदेवको पतञ्जली योगमा रोग उपचारका नाममा औषधीको निगमबाट लुटतन्त्र चलाएको छ । क्रिस्चियन ले ईसुको नाममा लठ्याएर साम्राज्यवादी व्यापार विस्तार गरिरहेको छ । यो वास्तवमा ईश्वरसँग विज्ञान जोडेर द्वैतवादी तरिकाले आदर्शवादलाई चिरञ्जीवी बनाउने प्रयत्न हो ।

यसका साथै, महिलाहरू घरेलु मानसिकताबाट पनि माथि उठ्नैपर्छ । यसमा पनि सांस्कृतिक क्रान्ति गर्नुपर्ने आवश्यकता छ । जनयुद्धको बेला सेनामा आएका ३५ प्रतिशत महिला सदस्यहरूमध्ये अधिकतम र पार्टीमा आएका नेता तथा कार्यकर्ता घरेलुकार्यमा पर्केका छन् । यस सन्दर्भमा लेनिन भन्नुहुन्छ- 'अधिकांश मामला घरेलु कार्य-झन्झटपूर्ण, सर्वाधिक अनुत्पादक, सर्वाधिक अमानवीय तथा सर्वाधिक विषम श्रम हो जुन महिलाहरूले पूरा गर्छन् । यो श्रम सरासर तुच्छ हुन्छ । त्यसमा महिलाहरूको विकासमा योगदान गर्ने त्यस्तो कुनै कुरा सामेल छैन ।' त्यसो के गर्नुपर्छ त ? उहाँ भन्नुहुन्छ- 'समाजवादी आदर्शको अनुशरण गर्दै हामी समाजवादको पूर्ण कार्यान्वयनका लागि लड्न चाहन्छौँ । र यहाँ महिलाहरू सक्षम श्रमको अत्यन्त विस्तृत क्षेत्र उन्मुक्त हुन्छ । … समाजवादी समाजको निर्माण कार्य तब सुरु हुनेछ । जब हामीले महिलाहरूको पूर्ण समानता हासिल गर्नेछौँ ।'

धार्मिक रुढीवाद, घरेलु झन्झट र घरेलु मानसिकता अनि पुरानो र खराब संस्कृतिका विरुद्ध सांस्कृतिक क्रान्ति नगरीकन महिलाहरू मुक्त हुन सक्तैनन् । पुरानो र खराब विचारधारा, विरासत, आनीबानी, रीतिरिवाज र संस्कृतिका विरुद्ध लड्दै नयाँ र असल विचारधारा, विरासत, आनीबानी, रीतिरिवाज र संस्कृतिक स्थापित गर्नु नै सांस्कृतिक क्रान्ति हो । मार्क्सवाद विकास भएर माओवादमा पुगेको छ । माओवाद भनेको अन्ततः सांस्कृतिक क्रान्ति हो । सांस्कृतिक क्रान्ति अधुरै रहेको छ । यसको विकासले समग्र उत्पीडित वर्गका साथमा महिलाहरूको पनि मुक्ति हुनेछ ।

**स्रोत** : महिला क्रान्ति, २०७४ असोज-माघ

# चुनाव खारेजी अभियानबाट देश क्रान्तिको चरणमा प्रवेश गरेको छ



**नेत्रविक्रम चन्द्र 'विप्लव'**
महासचिव, नेपाल कम्युनिस्ट पार्टी

» ***प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव त भएरै छाड्यो नि ? कसरी समीक्षा गर्नुभएको छ ?***

हो चुनाव भयो तर संसदीय चुनाव नेपालको स्वाधीनता, शान्ति र समृद्धिको निकास वा समाधान होइन भन्ने पनि साबित भइछाड्यो। काङ्ग्रेस, एमाले–माकेलगायत संसद्वादी, संशोधनवादी, आत्मसमर्पणवादीहरूले नेपालमा राजनीतिक परिवर्तन पूरा भएको, क्रान्ति आवश्यक नभएको, अब शान्ति, आर्थिक विकास र समृद्धिको समय आएको नारा फलाकेका थिए तर त्यसलाई हाम्रो पार्टीको अगुवाइमा नेपाली श्रमिक र स्वाधीनताप्रेमी जनताले खारेज गरिदिए । केही मुट्ठीभर दलाल, मालिक, सुदखोर, तस्कर, संसद्वादीहरूका लागि त राजनीतिक क्रान्ति आवश्यक नहोला तर नेपाली जनताले भने आफ्नो मुक्ति र देशको स्वाधीनताका लागि पूर्ण राजनीतिक परिवर्तन गर्न आवश्यक छ भन्ने सन्देश दिए। साथै खारेजबाट हाम्रो देश स्वाधीनता, मुक्ति र परिवर्तनका लागि प्रतिरोध, विद्रोह र क्रान्तिको नयाँ चरणमा प्रवेश गरेको सन्देश गएको छ।

» ***तपाईंहरूको पार्टीले यो चुनाव अस्वीकार गरेको थियो । खारेज नै गर्ने निर्णय पनि गर्नुभएको थियो तर....!***

सही हो हामीले अस्वीकार र खारेज गर्ने भनेका थियौँ र त्यो आफ्नो मौलिकता र विशेषतासहित सानदार ढङ्गले सफल भएको छ । नेपालमा जब शान्तिप्रक्रियालाई साम्राज्यवादीहरूको योजनामा नेपाली दलालहरूद्वारा असफल बनाइयो तबदेखि नै हाम्रो पार्टीले जनयुद्धलाई समाप्त पार्न खोज्ने दलाल र आत्मसमर्पणवादी प्रवृत्तिविरुद्ध विद्रोह गर्दै उनीहरूले लाद्न चाहेका सबै संसदीय प्रक्रियाहरूलाई अस्वीकार गरिदियौँ । हामीले अस्वीकार मात्र गरेनौँ अपितु समानान्तर कार्यहरू पनि सँगसँगै अगाडि बढायौँ । उनीहरूले जनमुक्ति सेना विघटन गर्ने निर्णय गरे, हतियार बुझाउने निर्णय गरे हामीले त्यसलाई मानेनौँ। जनमुक्ति सेनालाई आफ्नै तरिकाले बचायौँ । उनीहरूले संसदीय संविधान घोषणा गरे, हामीले त्यसलाई पनि अस्वीकार गर्दै जनताको संविधानको खाका घोषणा गर्‍यौँ । उनीहरूको सत्ता र सरकारविरुद्ध हामीले जनताको सरकार र जनप्रतिनिधिसभा निर्माण गर्‍यौँ। यसबेला नेपालमा दुई सत्ता, दुई सरकार, दुई प्रतिनिधिसभा र दुई अदालतको अवस्था छ। त्यसैको उच्च निरन्तरता हो चुनाव खारेज अभियान। उनीहरूले जति नै आत्मरति गरे पनि नेपालमा दलाल संसदीय व्यवस्था अस्वीकृत भएको छ र यो सफल हुनेछैन।

» ***चुनाव खारेज अभियानमा सयौँ नेता–कार्यकर्ता गिरफ्तार भए । पार्टी पोलिट्ब्युरो सदस्यसमेत समातिनुभयो । यसबारेमा के सोच्नुभएको छ ?***

हो उनीहरूले यो चुनाव बन्दुकको नालमा राखेर गरे । यद्यपि सेना र प्रहरीलाई पनि चुनावमा खतरा मोल्न खासै रुची लागेको थिएन । चुनाव सफल गर्न भनेर प्रतिक्रियावादी राज्यसत्ताले हाम्रा सयौँजना कमरेडहरूलाई गिरफ्तार गर्ने, यातना दिने, मुद्दा चलाउने र दमन गर्ने कार्य गर्‍यो। कैयौँ गाउँमा घेरा हाल्ने र खोजतलास गर्ने कार्य भयो। यसो त जनताको सत्ताले पनि केही खराब तत्वहरूलाई गिरफ्तार गर्‍यो। यसमा हामीलाई खासै चिन्ता छैन । क्रान्ति, क्रान्तिकारी शक्ति र जनतालाई दमन गर्नु प्रतिक्रियावादी, दलाल, संसद्वादी, पुँजीवादी, साम्राज्यवादीहरूको चरित्र नै हो । यद्यपि उनीहरूले संसद्वादभित्र विरोध गर्ने स्वतन्त्रताको कुरा केवल पुँजीवादी हितका लागि चलाइने बकबास मात्र हो भन्ने सहज बोध यसले गराउँछ। हामी क्रान्तिकारीहरूको जिम्मेवारी र दायित्व भनेको दलाल पुँजीवादी राज्यलाई क्रान्तिद्वारा परास्त गर्ने र राज्यलाई वैज्ञानिक समाजवादमा पुर्‍याउने हो। हामीले त्यही गर्नुपर्छ।

» ***चुनाव बिथोल्ने क्रममा देशभर बम विस्फोटका घटना भए तर तपाईंहरूले बेलैमा जिम्मा लिनुभएन र त्यसले अन्योल निम्त्यायो भन्ने टिप्पणी छ नि ?***

यो त जानीजानी लाज पचाउन चलाइएको प्रचार मात्र हो। यो जनताको विद्रोहलाई 'जिम्मा' को नाटक गरेर विवादित पार्ने बुर्जुवाहरूको खेल मात्र हो। प्रतिक्रियावादी चुनावलाई सम्पूर्ण शक्ति र सम्पूर्ण तरिकाद्वारा प्रतिरोध गर्ने, खारेज गर्ने र असफल गर्ने भनिसकेपछि जुलुस लाउँदै, जिम्मा लिँदै, भित्तेलेखन गर्दै जिम्मा लिँदै, दलाललाई लघार्दै जिम्मा लिँदै गर्नु पर्दैन। लाटोले पनि बुझेको सत्य हो चुनाव खारेजमा गरिएका प्रतिरोध कारबाहीहरू नेपाल कम्युनिस्ट पार्टीले गरेको हो। यसमा कोही पनि अन्योलमा छैन। कोही अन्योलमा छ भने कारबाहीको अन्योल होइन, आफ्नै अन्योल मनस्थिति मात्र हो।

- चुनावमा भएका विस्फोटका घटनमा तपाईंहरूको पार्टी र सीके राउतहरूलाई एउटै डालोमा राखेर हेरेको पाइयो। यथार्थ के हो ?

तपाईंको प्रश्नमा भनेजस्तो अवस्था होइन । क्रान्तिकारी शक्ति, श्रमिक जनता, सुरक्षा शक्ति (सेना, प्रहरी) राजनीतिक प्राणी कसैले पनि यस्तो सोचेका छैनन्। त्यो कसैले प्रचार गर्छ भने क्रान्तिको आँधीबाट भयभीत र आतङ्कित भएका लुच्चा, लुटेरा, दलाल र चाटुकारले मात्र भनेको छ । हामी वैज्ञानिक समाजवादका लागि लड्दैछौँ भन्ने सत्यबाट कोही पनि अनभिज्ञ छैन।

» ***चुनावका बारेमा अन्तर्राष्ट्रिय समुदाय र विशेषगरी ईयूले गरेको टिप्पणीबारे केही प्रतिक्रिया दिनुहुन्छ कि ?***

ईयूले दिएको वक्तव्यले केही गम्भीर विषय व्यक्त गर्छ। पहिलो कुरा त ईयूले विश्व राजनीतिमा नेपालको सामरिक महत्वलाई बुझेको छ र सोहीअनुरूप आफूलाई नेपालमा सक्रिय सहभागी गराएको छ। दोस्रो, ईयू अहिले पनि एक साम्राज्यवादी, उत्तरसाम्राज्यवादी चरित्र भएको शक्ति हो। उसले पनि नेपाललाई आफ्नो प्रभावभित्र पार्न चाहन्छ। नेपालमा के गर्न हुन्छ र के गर्न हुँदैन भन्ने निर्देशन दिन खोज्दैछ। तेस्रो, वैज्ञानिक समाजवादका निम्ति भएका प्रतिरोध सङ्घर्षहरूलाई हिंसाको संज्ञा दिएर बेइमानी गरेको छ । यसभित्र उसको पुँजीवादी पक्षधरता प्रस्ट देखा पर्छ। हाम्रो स्पष्ट दृष्टिकोण छ- नेपाली राजनीतिका नेतृत्वकर्ता र सञ्चालनकर्ता नेपालका राजनीतिक शक्ति हुन् र नेपाली जनता हुन्। यसमा ईयूले आफ्नो अन्तर्राष्ट्रिय चासो जनताको इच्छाअनुरूप राखोस् भन्ने हाम्रो धारणा छ।

» ***चुनाव खारेजपछि तपाईंहरू के गर्दै हुनुहुन्छ ? आगामी कार्यक्रम त केही सार्वजनिक गर्नुभएको छैन नि ?***

सम्भवतः चुनावपछि हामीले सार्वजनिक गरेको वक्तव्य हेरिसक्नुभयो होला। त्यहाँ हामीले स्पष्ट गरेका छौँ- अब नेपाल 'प्रतिरोध, विद्रोह, क्रान्ति र आमूल परिवर्तनको चरणमा' प्रवेश गरेको छ। साथै पार्टी नेता र कार्यकर्तालाई जनताको बीचमा बसेर सङ्घर्षको नेतृत्व गर्न भनिसकेका छौँ। त्यसैगरी जनता, बुद्धिजीवी, देशभक्त, प्रगतिशील शक्तिहरूलाई सङ्घर्षमा साथ दिन अपिल गरेका छौँ । सङ्घर्ष अगाडि बढी पनि रहेका छन्। जहाँसम्म उच्च स्तरका नयाँ योजनाको विषय छ, केन्द्रीय समितिले छिट्टै लिएर आउनेछ।

» ***चुनावमै पनि व्यक्तिकेन्द्रित, उम्मेदवार लक्षित आक्रमण गर्नुभयो भन्ने आरोप पनि छ त तपाईंहरूमाथि ?***

हो, यो सही हो। यसो भनेर केही खराब र जासुस प्रकारका मान्छेले भनेजस्तो 'व्यक्तिकेन्द्रित' भने होइन। हामीले केन्द्रीय समितिबाटै भनेका थियौँ- नेपालमा दलालहरू र नेपाली जनताका बीचको अन्तर्विराध आजको सबैभन्दा मुख्य सङ्घर्ष हो । दलाल भन्नाले राजनीतिक, आर्थिक, प्रशासनिक आदि क्षेत्रमा घुसेर विदेशी मालिकको इसरामा नेपालमा शासन गर्न खोज्ने दलाल, लुटेरा, जनघाती, राष्ट्रघाती, भ्रष्ट तत्वहरू हुन् । तीमध्ये राजनीतिक क्षेत्रका दलालसँग यो चुनावमा सङ्घर्ष परेको हो । यहाँ कस्ता खराब तत्व छन्, तपाईंहरू पनि जान्नुहुन्छ र आम जनताले पनि बुझेका छन् । यो चुनावमा देश बेच्ने, कर्णाली बेच्ने, अरुण बेच्ने, नेपालका उद्योगहरू बेचेर खाने, कमिसनको चक्करमा युवकयुवती बेच्ने, क्रान्ति बेचेर खाने, कतिसम्म भने जनमुक्ति सेनाको मासिक ५ हजार र दैनिक भत्ताबाट पनि कमिसन झिकेर अर्बौं रूपैयाँ खाने लिच्चडहरू छन्। यस्तालाई कारबाहीको सुरुआत मात्र भएको छ। यत्ति कारबाहीमा पनि जनता खुसी छन् । यिनलाई धुलो काढ्न त बाँकी नै छ । यी तत्वहरू व्यक्ति त हुन् तर सामान्य व्यक्ति नभएर राष्ट्रघाती, जनघाती, भ्रष्ट र विषालु व्यक्ति हुन् । यस्तालाई कारबाही गर्नु न्यायिक फैसला हो।

» ***एमाले–माके मिलेर निर्माण गरेको वाम गठबन्धनका बारेमा तपाईंहरूको दृष्टिकोण के हो ? यसले तपाईंहरूको आन्दोलनमा केही प्रभाव त पार्दैन ? उनीहरू पार्टीएकता गर्ने, स्थिर सरकार बनाउने, देशको विकास गर्ने कुरा गरिरहेका छन् त !***

एमाले–माके गठबन्धन झापा विद्रोह र जनयुद्धबाट भागेका, पछि फर्केका, विचलित भएका, आत्मसमर्पण गरेका र वैज्ञानिक समाजवादको महान् आदर्शबाट च्यूत भएका आत्मसमर्पणवादी, संशोधनवादी, दक्षिणपन्थी, विसर्जनवादी प्रवृत्तिहरूको गठजोड हो। यसमा पनि एमालेका केही आफ्नै विशेषता छन्। उसले पहिले वैचारिक, राजनीतिक संश्लेषण (बहुदलीय जनवाद) गरेर अलि लामै समयदेखि संसद्वादमा प्रवेश गराएको छ। माके र त्यसका भगौडाहरूको शरीरमा त सहिदहरूको रगतका दाग पनि मेटिएका छैनन्। यो त एमालेलाई प्रतिक्रियावादी घोषणा गरेर सफाया गर्नुपर्छ भन्ने अनैतिकहरूको हूल हो । जनयुद्ध बेचेर खाने अधमहरूलाई के भन्ने ! यो कसरी 'वाम' हुन्छ ! यो त कम्युनिस्ट चिह्न प्रयोग गरेको नवपुँजीवादी समूह हो । यस प्रवृत्तिलाई हामीले नयाँ उचाइमा संश्लेषण गर्दै 'सामाजिक दलाल पुँजीवादी' भन्ने सोचेका छौँ।

> **संशोधनवाद, संसद्वाद र आत्मसमर्पणवादले दुनियाँमा कहिल्यै पनि वैज्ञानिक समाजवाद ल्याएको इतिहास छैन र हुने पनि छैन। संसद् र पुँजीवादी संस्थाभित्रबाट भाषण र प्रचार गरेर कहिल्यै पनि वैज्ञानिक समाजवाद पैदा हुनेछैन। संशोधनवादको कोख समाजवादी कोख होइन, त्यो पुँजीवादी कोख हो जहाँबाट वैज्ञानिक समाजवादलाई निषेध गर्ने जण्ड पुँजीवादको जन्म हुन्छ। केपीले समाजवाद जन्माउन खोजेर के हुन्थ्यो ? केपीको कोखमा पुँजीवादको गर्भ छ, त्यही जन्मिन्छ। प्रचण्डको त त्यो पनि छैन।**

एमाले–माके गठबन्धनले हाम्रो पार्टी र क्रान्तिलाई असर त गर्छ तर सकारात्मक असर गर्छ । उनीहरू पुँजीवादी संसद्वादमा पतन भएका तत्व हुन् र क्रान्ति आवश्यक छ भनेर त हामीले प्रचण्ड–बाबुरामको आत्मसमर्पणवाद र विसर्जनवादबाट विद्रोह गरका हौँ। त्यही पुष्टि भएको छ भने हामीलाई यसले सही साबित गर्छ र जनता उनीहरूबाट झन् धेरै स्पष्ट बन्नेछन्, बन्नुपर्छ। परिवर्तन र क्रान्तिका पक्षमा रहेका जनताले हामीलाई नै साथ दिनेछन् । जहाँसम्म एमाले–माकेले विकास र समृद्धिको प्रचार गरेका छन् यो प्रचार पानीको फोका हो । जसरी क्रान्ति सकियो र आवश्यक छैन भन्ने प्रचारले हावा खायो त्यसैगरी यो प्रचारले पनि छिट्टै असफलता बेहोर्नुपर्छ । किनकि जुन बेलासम्म दलाल पुँजीवादी राज्यसत्ता कायम हुन्छ त्यहाँ जनताको समृद्धिको सम्भावना हुँदैन । त्यहाँ त दलालहरूको लुटतन्त्र चल्छ। समृद्धि भए पनि दलाल र लुटेरा वर्गको मात्र समृद्धि हुन्छ । तपाईंले चुनावको परिणामपछि देख्नुभयो नि, पद, कुर्सी र सुविधाका लागि उनीहरू कति छुद्र बकबास गर्दै हिँडेका छन् । कसैको कुरा कसैसँग मिलिरहेको छैन। अनि यी तत्वबाट देश उँभो लाग्छ भन्ने कल्पना गर्न सकिन्छ ? अहँ यो नचिताए हुन्छ। यत्ति हो, उनीहरूले वैज्ञानिक समाजवादमा जाने आधार भने बनाइदिनेछन्।

» ***वाम गठबन्धनले चुनावकै बाटोबाट समाजवाद स्थापना गर्ने तहसम्म जाने बताइरहेको अवस्थामा समाजवाद स्थापना गर्न अवैधानिक कार्यक्रम र बाटो नै रोज्नुपर्ने बाध्यता के पर्‍यो तपाईंहरूलाई ?***

संशोधनवाद, संसद्वाद र आत्मसमर्पणवादले दुनियाँमा कहिल्यै पनि वैज्ञानिक समाजवाद ल्याएको इतिहास छैन र हुने पनि छैन । संसद् र पुँजीवादी संस्थाभित्रबाट भाषण र प्रचार गरेर कहिल्यै पनि वैज्ञानिक समाजवाद पैदा हुनेछैन । संशोधनवादको कोख समाजवादी कोख होइन, त्यो पुँजीवादी कोख हो जहाँबाट वैज्ञानिक समाजवादलाई निषेध गर्ने जण्ड पुँजीवादको जन्म हुन्छ। केपीले समाजवाद जन्माउन खोजेर के हुन्थ्यो ? केपीको कोखमा पुँजीवादको गर्भ छ, त्यही जन्मिन्छ । प्रचण्डको त त्यो पनि छैन । त्यो त बाँझो छ ! जहाँसम्म हामीले अवैधानिक बाटो रोज्यौँ भन्ने प्रश्न छ, यो मिलेन । हामीले रोजेको बाटो नै जनताको इच्छाअनुरूपको वैध बाटो हो । यो बाटो प्रतिरोध र विद्रोहको बाटो भने हो । यसको बाध्यता पुँजीवादी राज्यसत्ता, दलाल संसदीय व्यवस्थाको कारणले पैदा भयो । उनीहरू जनयुद्धका उपलब्धिहरूलाई सखाप पार्न चाहन्छन्; जनयुद्धका योद्धाहरूलाई अपराधी बनाउन चाहन्छन्; नेपालबाट कम्युनिस्ट क्रान्तिकारीहरूलाई सिध्याउन चाहन्छन्; बन्दुकको नालमा शासन गर्न चाहन्छन् अनि हामीले कसरी उनीहरूलाई फूलपाती र गङ्गाजल छर्किन सक्छौँ ! यो हामीले नेपालमा दलाल पुँजीवादी संसदीय व्यवस्थाविरुद्ध गरेको प्रतिरोध र विद्रोह हो जो जनताको मतद्वारा अनुमोदित छ।

**तपाईंहरूले अघि सारेको एकीकृत जनक्रान्तिको कार्यदिशा, मालेमामा विकास र वैज्ञानिक समाजवाद स्थापनाबारे, तपाईंहरूको कार्यक्रमबारे विभिन्न कोणबाट टिप्पणी र आलोचनासमेत भइरहेको छ नि ? कसरी फर्स्याउनुहुन्छ ती विषय ?**

राम्रो प्रश्न हो यो । निश्चय नै हाम्रो पार्टीले ऐतिहासिक आठौँ महाधिवेशनबाट नेपाली क्रान्तिको कार्यदिशालाई 'एकीकृत जनक्रान्ति' भनेर संश्लेषण गरेको छ र यसको प्रयोग पनि सानदार ढङ्गले गरिरहेका छौँ । हामीले यो कार्यदिशाको संश्लेषण गर्दा नेपाली अर्थराजनीतिक सम्बन्ध र विशेषताहरूलाई मात्र होइन, एक हदसम्म विश्व अर्थराजनीतिक सम्बन्धलाई समेत अध्ययन गरेर, ती विषयमा पचाएर गरेका छौँ । यो कार्यदिशाको संश्लेषण त्यत्तिकै आवश्यक र वैज्ञानिक छ जति आवश्यकता क्रान्ति र वैज्ञानिक समाजवादको रहेको छ। यसप्रति हामीलाई त्यत्तिकै विश्वास छ जति विश्वास मार्क्सवादमा छ। यो नै आजको वैज्ञानिक र वस्तुवादी कार्यदिशा हो । यो लेनिनको जनविद्रोह र माओको दीर्घकालिन जनयुद्धको उच्च संश्लेषण हो।

यसप्रति आलोचना हुने कुरा स्वाभाविक हो । मार्क्सवाद र वैज्ञानिक समाजवादमा त पुँजीवादी र संशोधनवादीहरूबाट आलोचना छ भने हाम्रो नयाँ संश्लेषणमा आलोचना हुने कुरालाई अनौठो मान्ने कुरा केही छैन । विज्ञानको नियम नै यस्तो छ हजारौँ आलोचनाहरू झेलेर मात्र खरो उत्रिन्छ । तर यसको गहिराइ, व्यापकता र गाम्भीर्यलाई नबुझेर पूर्वाग्रह, सङ्कीर्णता, रूढिवाद, ईर्ष्या, कुण्ठा, छाडा एवम् आवारा तरिकाले गर्ने आलोचनाको कुनै अर्थ र औचित्य छैन। त्यता आलोचनालाई क्रान्तिको धारमा रेटेर अगाडि बढ्नुपर्छ। सही विचार क्रान्तिको महायात्राबाट साबित हुन्छ । हाम्रो 'एकीकृत जनक्रान्ति' वैज्ञानिक छ र यो साबित भइछाड्नेछ।

» ***एकीकृत जनक्रान्तिसञ्चालन गर्दा अन्य कम्युनिस्ट पार्टी र मित्र शक्तिहरूलाई कसरी सहकार्यमा राख्नुहुन्छ ?***

राम्रो प्रश्न गर्नुभयो। अन्य कम्युनिस्ट पार्टी र मित्र शक्तिहरूलाई सहकार्यमा राख्ने हाम्रा तीनवटा प्रस्ट नीतिहरू छन् र ती नीतिलाई हामी लागू गरेर जान्छौँ।

पहिलो कुरा हाम्रो पार्टीसँग क्रान्तिमा अगाडि बढ्न चाहने कम्युनिस्ट पार्टीहरूसँग एकता गरेर जाने, दोस्रो, तत्काल एकता हुन नसके पनि राष्ट्रियता र जनअधिकारका पक्षमा विषय मिल्ने कम्युनिस्ट पार्टीहरूसँग सयुक्त मोर्चा र कार्यगत एकता गरेर अगाडि बढ्ने, तेस्रो, देशभक्त र लोकतन्त्रवादी शक्तिसँग राष्ट्रिय स्वाधीनता, जनताको राज्यसत्ता र राजनीतिक अग्रगमनका लागि राजनीतिक मोर्चामा संयुक्त मोर्चा निर्माण गरेर जाने। कम्युनिस्ट आन्दोलन र नेपालको राजनीतिक आन्दोलनलाई यथास्थिति र अग्रगमनका पक्षमा व्यापक ध्रुवीकरण गर्ने हाम्रो सोचाइ छ। यसका पक्षमा विभिन्न नेता र शक्तिहरूसँग छलफल चली पनि रहेको छ । नेपालमा एकपटक सोचेको भन्दा नयाँ र उच्च स्तरमा नयाँ राजनीतिक ध्रुवीकरण र सङ्घर्ष हुन्छ भन्ने अवस्था देखा पर्दैछ।

» ***तपाईंहरूक्रान्ति गर्दा अब नेपाली सेनाले दलालहरूका विरुद्ध हामीलाई साथ दिनुपर्छ भन्ने गर्नुहुन्छ, के त्यो सम्भव देख्नुहुन्छ र ?***

हो, हामी त्यो सम्भावना देख्छौँ र त्यसो होस् भन्ने हाम्रो चाहना छ । हाम्रो पार्टीले भनेको छ- नेपाल देशको स्वाधीनता सर्वाधिक जोखिममा छ। जनताको जीवन गरिबीको मारमा पर्दै गएको छ। भरखरै प्रकाशित आर्थिक सर्वेक्षणले नेपालमा गरिबी झन् बढेको छ । युवकयुवतीको हालत के छ, त्यो सबैलाई थाहा छ। देशलाई यस्तो हालतमा पुर्‍याउने बदमासहरू यिनै संसद्वादी दलका दलाल नेताहरू हुन् । हामीले देशलाई यी तत्वहरूबाट मुक्त नगरेसम्म जनताको अवस्था माथि उठ्नेछैन । त्यसका लागि हामी दलाललाई फाल्ने क्रान्ति त गर्छौंगर्छौं, त्यसलाई बचाउन र हामीमाथि दमन गर्न नेपाली सेना र प्रहरी आउनु हुँदैन, बरु सबै मिलेर यिनलाई फालौँ भन्ने हाम्रो सोचाइ छ । यो सोचाइप्रति सुरक्षा शक्ति नकारात्मक हुनुपर्ने कुनै कारण हामी देख्दैनौँ । त्यस अर्थमा यो सम्भव हुनुपर्छ भन्ने हाम्रो निष्कर्ष हो।

» ***विश्व कम्युनिस्ट आन्दोलनको पछिल्लो अवस्था र तपाईंहरूको कम्युनिस्ट भाइचाराका बारेमा सङ्क्षेपमा केही राखिदिनुस् न !***

विश्व कम्युनिस्ट आन्दोलनको अवस्था राजनीतिक दृष्टिले एकदमै राम्रो भन्ने ठाउँमा छैन तर विचारधारात्मक रूपले आज पनि यो महान् सत्यका रूपमा स्थापित छ । आज पुँजीवाद हाबी छ तर पुँजीवाद हाबी हुँदै गर्दा पैदा हुने यसको पागलपन र लुटेरा चरित्रले वैज्ञानिक साम्यवादको सम्भावनालाई दुरुस्त प्रकारले अगाडि ल्याइदिन्छ। आज पुँजीवादको लुटेरा चरित्र विश्वव्यापी रूपमा सङ्कटग्रस्त हुँदै गएको छ। संसारभरि जता पनि युद्ध र अराजकताको स्थिति बढ्दैछ, विध्वंशकारी हातहतियारको होडबाजी, खरिदबिक्री र प्रयोग बढ्दै गएको छ। यसले आउँदो समयमा वैज्ञानिक समाजवाद–साम्यवादलाई अनिवार्य रूपले अगाडि ल्याउनेछ।

हामी विश्वका क्रान्तिकारी र सङ्घर्षरत कम्युनिस्ट पार्टीहरूलाई एकताबद्ध र मोर्चाबद्ध गराउनमा लागिरहेका छौँ । यस क्षेत्रमा सन्तोषजनक प्रगति पनि भइरहेको छ । ... बाँकी पृष्ठ ७ मा

# चितवनमा कम्युनिस्ट आन्दोलन

## [ नेपाल कम्युनिस्ट पार्टी (चौथो महाधिवेशन) र यसका घटकहरू ]

**राजेन्द्र रेग्मी**

२०३० को दशकको पूर्वार्द्धमा सर्वाधिक शक्तिशाली कम्युनिस्ट घटकका रूपमा रहेको ने.क.पा. (चौम) २०३५ मा महामन्त्री मोहनविक्रम सिंह र २०३६ मा अर्का महामन्त्री निर्मल लामा कारवाहीमा परेपछि पार्टीभित्र अन्तर्विरोध निकै बढेर गयो । सङ्गठनमा दक्षिणपन्थी, मध्यपन्थी र जडसूत्रवादी गरी ३ धार देखापऱ्यो । विस्तारै २०४० मा एकातिर दक्षिणपनथी ने.क.पा.(चौम) (२०४०) को नाममा अर्कातिर मध्यपन्थी र जडसूत्रवादी धार ने.क.पा. मशाल (२०४०) को नाममा अलग-अलग दुई घटकहरू अस्तित्वमा देखापरे तर अर्को वर्ष अर्थात् २०४१ मा मध्यपन्थी र जडसूत्रवादी धारका बीच पनि विभाजन भएर ने.क.पा. मशाल (२०४०) र ने.क.पा. मसाल (२०४१) को नाममा अलग-अलग अस्तित्व देखापऱ्यो । यसरी हेर्दा २०३१ मा चौथो महाधिवेशनको नाममा नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेको यो समूह एक दशकभित्रमा नै ३ घटकमा स्वतन्त्र अस्तित्वमा देखापऱ्यो । जनमत सङ्ग्रहको निर्वाचनपछि यस घटकमा भएको विभाजन र विभाजित अवस्थामा भएको साङ्गठनिक विकास तथा चितवनको राजनीतिक जागरणमा पारेको प्रभावका सम्बन्धमा तल सविस्तार प्रकाश पार्ने प्रयास गरिनेछ ।

यस अवसरमा चितवनको ने.क.पा. (चौम) भित्र विवाद र विग्रहको अवस्था क्रमशः चुलिँदै गइरहेको थियो । ने.क.पा. (चौम) को सङ्गठन क्रमशः कमजोर बन्दै गयो । यस स्थितिमा ने.क.पा. (चौम) ले चितवनमा छुट्टै कार्यक्रमहरू सञ्चालन गर्न सकेन । केन्द्रीय निर्देशनअनुसार राष्ट्रिय पञ्चायतको निर्वाचन बहिष्कारको नारा दियो । अन्य समूहसँग कार्यगत एकताका आधारमा निर्वाचन बहिष्कारको नीतिलाई सशक्त गराउन पनि सकेन । ने.क.पा. (चौम) भित्रको अल्पमत पक्षमा रहेको निर्मल लामा समूहले चाहेभैँ निर्वाचन उपयोगका लागि तयार पनि भएन जसबाट ने.क.पा. (चौम) चितवन यस स्थितिमा आफैँमा अलमलिइरह्यो, तापनि चितवनबाट सङ्गठनको माथिल्लो निकायमा थुप्रै कार्यकर्ताहरूले जिम्मेवारी सम्हालिरहेका थिए । चितवनका खम्बसिंह कुँवर यस समूहको केन्द्रीय समितिको पोलिटब्युरोमा थिए भने पुष्पकमल दाहाल, रामबहादुर थापा युवक सङ्गठनको केन्द्रीय नेतृत्वमा थिए । इन्द्रविलास पौडेल किसान सङ्गठनको केन्द्रीय सदस्य थिए । तत्कालीन प्रामाणिक दस्तावेजहरूको अभावमा चितवनबाट अन्य को-को कुन-कुन जिम्मेवारीमा रहेका थिए, यकिन विवरण प्रस्तुत गर्न सम्भव छैन तर पनि पार्टी सङ्गठनको विकास र विस्तारमा चितवन जिल्ला अग्रस्थानमा रहँदै आएको पाइन्छ ।

केन्द्रीय समितिको २७ औँ बैठकबाट अविभाजित ने.क.पा. (चौम) को केन्द्रीय समिति विघटन भएपछि निर्मल लामालगायत केन्द्रीय नेताहरू चितवनमा अमिक शेरचनको घरमा जम्मा भई नयाँ सङ्गठन निर्माणको योजनामा लागिपरे । तदनुरूप चितवनको जिल्ला समितिका सचिवलगायत बहुमत पक्ष मोहनविक्रम पक्षमा रहेको हुँदा निर्मल लामा पक्षधर कार्यकर्ताको सक्रियतामा नयाँ समिति गठन भयो । केन्द्रीय प्रतिनिधि निर्मल लामाको उपस्थितिमा अमिक शेरचनको घर पछाडिको पाखामा चितवन जिल्लाका कार्यकर्ताहरूको भेला अयोजना गरियो । सो भेलाबाट फणिन्द्र न्यौपानेको सचिवत्वमा अमिक शेरचन, प्रेम सुवेदी, गेहेन्द्रबहादुर थापा, विष्णुबहादुर कुँवर, ठाकुर ढकाल, कालिदास न्यौपाने सम्मिलित जिल्ला सङ्गठन समिति गठन गरियो । २०४७ मा एकता केन्द्र गठन नहुँदासम्म यस समितिले नै चितवनमा ने.क.पा. (चौम) सङ्गठनका नाममा साङ्गठनिक गतिविधि देखाउँदै आएको थियो ।

अर्कातिर २०४० को मार्गमा केन्द्रीय नेताहरू भक्तबहादुर श्रेष्ठ, मोहनविक्रम सिंह तथा पुष्पकमल दाहाल चितवनको चम्पानगरस्थित एक कार्यकर्ताका घरमा उपस्थित भएर पार्टी विघटनको अवस्था र कारणबारे कार्यकर्ताहरूलाई जानकारी गराइयो । पार्टी विघटनको जिम्मेवारी अल्पमत पक्षलाई लगाउँदै पार्टी पुनर्गठन गरी अघि बढ्न निर्देशन दिइयो । जसअनुसार २०४० को मार्ग महिनाको अन्तमा चितवनमा नयाँ कार्यसमिति गठन गरियो । नवगठित सो कार्यसमिति नेपाल कम्युनिस्ट पार्टी मशाल/मसाल (२०४०) को नाममा परिचित भयो । प्रामाणिक स्रोतका अभावमा सो कार्यसमिति सदस्यहरूका सम्बन्धमा यकिन भन्न नसकिए पनि विभिन्न व्यक्तिहरूसँगको भेटवार्ताबाट दण्डपाणि न्यौपानेको सचिवत्वमा गठित सो कार्यसमितिका अन्य सदस्यहरूमा तिलु शर्मा गौतम, मोहनमणि ढकाल, धनवल्लभ अधिकारी, शम्भु कँडेल, चित्रबहादुर श्रेष्ठ, बालकृष्ण ढकाल, यमुना अधिकारी, रामबहादुर थापा सम्मिलित भएको देखिन्छ ।

पार्टी विभाजन हुँदा केन्द्रमा ने.क.पा. मशाल/मसाल (२०४०) बहुमतमा रहेभैँ चितवनमा पनि पूर्ववर्ती जिल्ला सङ्गठनका सचिवलगायत बहुमत पक्ष ने.क.पा. मशाल/मसाल (२०४०) समूहमा नै रहेको थियो । बहुमत पक्ष ने.क.पा. मशाल/मसाल (२०४०) समूहमा भएको कारण इलाका समिति तथा सेल समितिहरूमा पनि ने.क.पा. मशाल/मसाल (२०४०) समूहकै बहुमत रहन गयो । यस्तो अवस्थामा पार्टी विभाजनपूर्वको नीति, निर्देशनहरूले पार्टी विभाजपछि पनि निरन्तरता पाइराख्यो । अझ प्रस्ट शब्दमा भन्दा ने.क.पा. (चौम) (२०४०) समूह संस्थापन समूहका रूपमा स्थापित भयो । ने.क.पा. (चौम) (२०४०) चोइटिएको समूहका रूपमा देखापऱ्यो । संस्थापन समूहमा ने.क.पा. मशाल/मसाल (२०४०) र चोइटिएको समूहका रूपमा ने.क.पा. (चौम) को साङ्गठनिक विकासमा अनुकूल र ने.क.पा. (चौम) (२०४०) का लागि प्रतिकूल प्रभाव पऱ्यो ।

साङ्गठनिक विकासका दृष्टिले चितवन ने.क.पा. मशाल/मसाल (२०४०) समूहका लागि निकै महत्वपूर्ण जिल्ला रहेको देखिन्छ । केन्द्रीय समितिमा मात्र चितवनबाट खम्बसिंह कुँवर, पुष्पकमल दाहाल, रामबहादुर थापालगायत विभिन्न व्यक्तिहरू सम्मिलित थिए । यसैगरी, विभिन्न जनवर्गीय सङ्गठनहरूमा पनि चितवनका कार्यकर्ताहरूले केन्द्रीय स्तरसम्म नेतृत्व प्रदान गरिरहेका थिए ।

एकातिर पार्टी विभाजित भएर दुवै समूहले केन्द्रदेखि तल्लो निकायसम्म आ-आफ्ना समूहका समितिहरू गठन गरिरहेको अवस्था थियो, अर्कोतिर पार्टीको महाधिवेशन नभएको पनि झन्डै एक दशक भइसकेको थियो । यस्तो परिप्रेक्ष्यमा ने.क.पा. मशाल/मसाल (२०४०) ले २०४१ मंसिरमा पाँचौँ महाधिवेशनको तयारी गऱ्यो । जिल्ला जिल्लामा अधिवेशनहरू भए । यसक्रममा २०४१ असोजमा चितवनको चम्पानगरस्थित एक कार्यकर्ताका घरमा ने.क.पा. मशाल/मसाल (२०४०) को जिल्ला अधिवेशन सम्पन्न भयो । सो जिल्ला अधिवेशनले रामबहादुर थापा, यमुना अधिकारी, मोहनमणि ढकाल, तिलु शर्मा गौतम, चित्रबहादुर श्रेष्ठ, टेकबहादुर थापा, नरेन्द्रजङ्ग पिटर सदस्यहरू रहेको नयाँ कार्यसमिति गठन गऱ्यो । आगामी महाधिवेशनका लागि रामबहादुर थापा, तिलु शर्मा, दण्डपाणि न्यौपानेलाई प्रतिनिधिमा छनौट गऱ्यो तर तिलु शर्मा गौतम पूर्णकालीन सदस्य नभएका कारण उनको नाम केन्द्रबाट स्वीकृत भएन । उनका स्थानमा यमुना अधिकारी महाधिवेशन प्रतिनिधिका रूपमा चयन गरिए । यसैगरी सो जिल्ला अधिवेशनले टेकबहादुर थापा र चन्द्रहरि सुवेदीलाई पर्यवेक्षकमा सिफारिस गरेको थियो । उक्त अधिवेशनबाट सचिवको जिम्मेवारी पाएका रामबहादुर थापा झन्डै ३ महिनापछि माथिल्लो निकायको जिम्मेवारीमा पुगे । उनको स्थानमा तिलु शर्मा गौतमलाई सचिवको जिम्मेवारी सुम्पियो । जिल्ला कार्यसमितिमा भूमीश्वर कँडेल थप गरिए । २०४१ को असोजमा जिल्ला अधिवेशनपछि ने.क.पा. मशाल/मसालमा विभाजन नहुँदासम्मको झन्डै १ वर्षको अवधिमा त्यस समूहबाट खास कुनै उल्लेखनीय गतिविधि भएन । एउटा कम्युनिस्ट समूहको नियमित हुने साङ्गठनिक गतिविधिमा नै यो समूह अल्मलिएर रह्यो ।

नेपालका कम्युनिस्ट पार्टीमा हुने गरेको अन्तर्कलहको पीडाबाट यो समूह पनि अछूत रहन सकेन । २०४२ मा केन्द्रीय कार्यसमिति पुनः विभाजित भयो । केन्द्रमा ने.क.पा. मशाल (२०४२) र ने.क.पा. मसाल २०४२ को नाममा दुई अलग-अलग समूह अस्तित्वमा देखापरे । जसको प्रभाव चितवनमा पनि देखापऱ्यो ।

२०४२ को विभाजनपछि केन्द्रीय समितिमा बहुमत पक्ष ने.क.पा. मसाल (२०४२) मा रहेभैँ गरी चितवनको सङ्गठनमा पनि बहुमत मशालको पक्षमा रह्यो । ७ जना सदस्य रहेको जिल्ला कार्यसमितिमध्ये ६ जना ने.क.पा. मशाल (२०४२) र १ जना मोहनमणि ढकाल मात्र ने.क.पा. मसाल (२०४२) को पक्षमा रहेको देखिन्छ । विभाजनपूर्व चितवनबाट पार्टीको केन्द्रीय समिति तथा जनवर्गीय सङ्गठनको केन्द्रीय तहमा गरी ९ जना रहेकोमा विभाजन पछि ने.क.पा. मसाल (२०४२) मा १ जना भैरव रेग्मी मात्र रहेका र केन्द्रीय नेतृत्वमा रहेका चितवनका अन्य ८ जना ने.क.पा. मशाल (२०४२) मा नै रहेको हुँदा पनि चितवनमा ने.क.पा. मशाल (२०४२) पक्षको स्थितिमा विभाजनले खास कुनै असर पुऱ्याएको देखिँदैन, तैपनि पार्टी विभाजनको मनोविज्ञानले कार्यकर्ताहरूमा पारेको असरबाट ने.क.पा. मशाल (२०४२) पक्ष पनि प्रभावित भएको तथ्यलाई बिर्सन सकिँदैन । अझ सोही समयमा ने.क.पा. (माले) ले राष्ट्रिय र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा देखिएको परिवर्तनलाई आत्मसात् गरी आफ्नो पूर्वनीतिमा समयानुकूल परिवर्तन गर्दै विभिन्न घटकहरूलाई एकीकृत गर्दै अघि बढिरहेको सन्दर्भमा ने.क.पा. मशाल/मसाल (२०४०) भित्रको अर्को विभाजनले पार्टी पङ्क्ति तथा कम्युनिस्ट समर्थन जनसमुदायमा परेको मनोवैज्ञानिक असरबाट ने.क.पा. मशाल (२०४२) समूहमा गम्भीर असर परेको देखिन्छ ।

पार्टी विभाजनको समयताका यस समूहको जिल्ला सचिव तिलु शर्मा गौतम थिए । जिल्ला कार्यसमितिका ७ जनामध्ये एकजना मोहनमणि ढकाल मात्र ने.क.पा. मसाल (२०४२) तर्फ लागे । मोहनमणि ने.क.पा. मसाल (२०४२) समूहमा गएपछि उनको रिक्त स्थानमा चन्द्रहरि सुवेदीलाई जिल्ला कार्यसमतिमा नियुक्त गरियो ।

तिलु शर्मा गौतम सचिव भएको अवधिमा चितवनमा ने.क.पा. (माले), ने.क.पा. (चौम) सँग संयुक्त भएर २०४३ भाद्रमा चितवनवासीका मागहरू विशेषगरी किसान वर्गसँग सम्बन्धित मागहरूलाई उजागर गरी विभिन्न स्थानहरूमा आमसभा गर्ने, किसानका मागहरू सङ्कलन गर्ने र ती सङ्कलित मागहरूलाई लिपिबद्ध गरी प्रमुख जिल्ला अधिकारी तथा प्रधानमन्त्रीको कार्यालयमा ज्ञापनपत्र बुझाउने कार्य भयो । जुन कार्यले चितवनको राजनीतिक वृत्तको साथै किसान वर्गमा निकै हलचल ल्याएको थियो । तिलु शर्मा गौतम २०४४ असारसम्म सचिवको जिम्मेवारीमा रहे । उनीपछि पार्टीले जिल्ला सचिवमा चित्रबहादुर श्रेष्ठलाई जिम्मेवारी सुम्पियो । तर चित्रबहादुरले पनि लामो समय सचिवको जिम्मेवारी सम्हाल्न सकेनन् । मृगौलाको अपरेसन गर्नुपरेकाले उनको स्थानमा चन्द्रहरि सुवेदीलाई सचिवको जिम्मेवारी सुम्पियो ।

चन्द्रहरि सुवेदीको सचिवको कार्यकाल निकै लामो रह्यो । २०४४ को मध्यतिरबाट सुरु भएको उनको कार्यकाल २०५२ को जनयुद्ध सुरु हुँदाको सन्दर्भसम्म रहेको थियो । हुन त यस क्रममा ने.क.पा. मशालबाट एकता केन्द्र, एकता केन्द्रबाट ने.क.पा. (माओवादी) पार्टीको रूपमा परिवर्तित परिस्थितिको विकास भइसकेको थियो । यसबीचमा कार्यसमितिमा निकै उतारचढावहरू भइसकेका थिए । तथापि ने.क.पा. (२०४२) जिल्ला समितिमा प्रमुख रूपमा रहनेहरूमा चन्द्रहरि सुवेदी, विष्णु दवाडी, भूमीश्वर कँडेल, रमेश रेग्मी, धनवल्लभ अधिकारी, सूर्य सुवेदी, चित्रबहादुर श्रेष्ठ आदि रहेका थिए ।

२०४१ को पार्टी विभाजनमा ने.क.पा. मसाल (२०४२) चितवनमा अल्पमतमा रहेको थियो । एकातिर पञ्चायती व्यवस्थाको निरंकुश प्रवृत्ति र अर्कातिर बहुमत पक्षका पेलाइका कारण यस समूहले येनकेन साङ्गठनिक अस्तित्व जोगाउन धौ धौ पऱ्यो । केन्द्रीय सदस्य भैरव रेग्मी तथा जिल्ला सदस्य मोहनमणि ढकालको विशेष पहलमा २०४२ माघमा रुद्र पौडेल, मोहनमणि ढकाल, विश्वनाथ पोखरेल, रोहिणीदत्त ओझा, तीर्थराज पौडेल, छविलाल ढकाल सदस्यहरू रहेको जिल्ला सङ्गठनहरू रहेको जिल्ला सङ्गठन समिति गठन भयो । २०४३ को राष्ट्रिय पञ्चायतको निर्वाचन, २०४४ को स्थानीय निकायका लागि भएको निर्वाचन, मेघालयबाट खेदिएका नेपालीहरूप्रति सहानुभूति देखाउँदै नेपालका विभिन्न भागमा भएको विरोध कार्यक्रम, विकिरणयुक्त धुलो दूध बहिष्कार कार्यक्रममा वक्तव्यबाजी गर्ने र अन्य समूहको पछि-पछि लागेर यथाशक्य सहभागिता देखाउने कार्यभन्दा बाहेक भिन्न पहिचान कायम रहनेगरी अन्य कुनै साङ्गठनिक कार्यक्रमहरू हुन सकेको पाइँदैन ।

## असफलताको चाङ ...

र पार्टीको अवसरवादी चरित्रलाई जनतासमक्ष छर्लङ्ग पारे । एमाले पूर्णतः अवसरवादी पार्टी हो, उसको भूमिका चरम प्रतिक्रियावादी भूमिकातर्फ परिलक्षित छ । कैयौँ जनविरोधी, राष्ट्रविरोधी पहिचान एमालेको परिचय हो । भ्रष्टाचार, कालोबजारी, कमिसनलाई आफ्नो राजनीतिको केन्द्रविन्दुमा राखेको एमालेले आफ्नो संशोधनवादी अनुहार जनतासमक्ष उदाङ्गो पारेको छ ।

१० वर्ष जनयुद्धको नेतृत्व गरेर आएका प्रचण्ड र उनको पार्टी माओवादी केन्द्र (माके) शान्तिप्रकृयापश्च्यात् ठूल्ठूला जनविरोधी गतिविधिमा केन्द्रीकृत भयो । उसले मुख्यतः १० वर्षको महान् जनयुद्धको प्रस्तावनालाई ठूलो धोका र गद्दारी गरेर दलाल संसद्वादमा पतन भयो । २०६४ को संविधानसभाको निर्वाचनमार्फत् सबैभन्दा ठूलो दलको नेताको रूपमा २०६५ साउन ३१ गते माके अध्यक्ष प्रचण्ड प्रधानमन्त्रीको कुर्सीमा आसीन भए । त्यसपछि, २०६८ भदौ १२ गते माओवादी नेता डा. बाबुराम भट्टराई र २०७३ साउन १९ गते माके अध्यक्ष प्रचण्ड प्रधानमन्त्रीको कुर्सीमा बसे । शान्तिप्रकृयापछि कैयौँपटक माके संयुक्त सरकारमा समेत सामेल बन्यो । २०६४ को संविधानसभाको निर्वाचनमा जनतले गरेको आशालाई रद्दीको टोकरीमा मिल्काउँदै आफ्नो नवसंशोधनवादी राजनीतिक चरित्रमा इमानदार पात्रको रूपमा खडा भए र हाल एमालेसँग गठबन्धन गरेर आफ्नो संशोधनवादी यात्रामा पूर्णतः नेपाली जनताले स्पस्ट बुझ्ने गरी रूपान्तरित बन्न पुगको छ ।

२०५३ फागुन २९ एमालेको समर्थनमा राप्रपा नेता लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री बने । २०५४ असोज २१ गते कांग्रेसको समर्थनमा राप्रपा नेता सूर्यबहादुर थापा र २०५९ असोज २५ गते राप्रपा नेता लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्रीको कुर्सीमा आसीन बने । २०६० जेठ २२ गते राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापा पुनः प्रधानमन्त्री नियुक्त भए । यसबाहेक पनि तत्कालीन राजा ज्ञानेन्द्र र २०६९ चैत १ गते सर्वोच्च अदालतका प्रधानन्यायधिस खिलराज रेग्मीको अध्यक्षतामा चुनावी मन्त्रीपरिषद्को गठन गरियो । अहिले हाम्रो देश दक्षिण एसियामा मात्र होइन, पूरै विश्वमा छोटो समयमा धेरैपटक सरकार गठन र पुनर्गठन गर्ने र छोटो समयमा सबैभन्दा धेरै मानिसलाई मन्त्री बनाउने देश बनेको छ । सरकारहरू बारम्बार परिवर्तन भयो । कुर्सी प्राप्त गर्ने खेल धेरै गरियो । तर, देशको आर्थिक र विकासको अवस्था निकै दयनीय बन्यो । राष्ट्रघात, जनघात, भ्रष्टाचार, कालोबजारी, तस्करी, कमिसनखोर र विचौलियाको चंगुलमा देशलाई फसाउने काम गरियो । आजसम्मको अवस्थालाई हेर्दा राजनीति ठेकेदार, व्यापारी, तस्करी, कालोबजारिया, गुण्डा, भ्रष्टाचारी र विचौलियाको हातमा सुम्पने काम भएको छ । यहाँका संसद्वादी पार्टीहरू साम्राज्यवाद र दलाल पुँजीवादी वर्गलाई खुसी बनाउँदै आफ्नो कुर्सी स्वार्थमा तल्लीन बनेका छन् । यसरी नेपालका संसद्वादी पार्टी र बनेका सरकारले ठूलो राष्ट्रघात, जनघात गर्दै, जनताको हक, हित र अधिकारलाई साम्राज्यवाद र दलालको पोल्टामा सुम्पँदै गएका छन् । यसअर्थमा, नेपालमा क्रियाशील संसद्वादी पार्टी र उनको नेतृत्वमा बनेका सरकार पूर्णतः असफलसिद्ध भइसकेको छ ।

### २. असफल शान्तिप्रकृया

२०६३ मंसिर ५ गते सरकार र तत्कालीन माओवादीबीच बिस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरियो । २०६४ चैत २८ गते संविधानसभाको निर्वाचनमार्फत् तत्कालीन नेकपा (माओवादी) सबैभन्दा ठूलो दल पनि भयो । प्रचण्ड, बाबुराम र फेरि प्रचण्डको नेतृत्वमा सरकार पनि बन्यो । योबीचमा क्रमश : जनसत्ता, जनअदालत, जनमुक्ति सेना सबै विघटन गरियो । तत्कालीन माओवादी पार्टीले उठाएका राजनीतिक मुद्दाहरूलाई चटक्कै बिर्सेर पुरानै संसद्वादीहरूको गठजोडमा प्रचण्ड र बाबुरामहरू लागे । जनमुक्ति सेनाको भरणपोषणका लागि भनेर राज्यकोषबाट अर्बौं रकम बुझेर आफ्नो दुना सोझाउने काम गरे । आफ्नो निकटका नेता कार्यकर्ताहरूलाई रक्तचन्दन, सुन तस्करीमा समेत लगाउने काम गरे ।

प्रचण्ड/बाबुरामले सबै दार्शनिक र सैद्धान्तिक आदर्शहरूलाई बेचे । जनयुद्धमा उठाएका राजनीतिक मुद्दाहरूलाई तिलाञ्जली दिएर, दलाल संसद्वादी सत्तासँग आत्मसमर्पण गरे । नयाँ जनवाद, वैज्ञानिक समाजवाद, सर्वहारावर्गको अधिनायकत्व, बल प्रयोगको सिद्धान्त आदिलाई बिर्से । जनयुद्धका महान् योगदानहरूलाई साम्राज्यवादी/प्रतिक्रियावादी र संसद्वादी शक्तिहरूसँग बेचेर कुर्सीस्वार्थमा लागे । आफ्ना सबै क्रान्तिकारी/कम्युनिस्ट मूल्य/मान्यतालाई छोडेर यात्रालाई संशोधनवादी/अवसरवादी दिशातर्फ केन्द्रित बनाउँदै लगे । कुर्सीका लागि राष्ट्रघात र जनघातमा केन्द्रित बन्न पुगे । भ्रष्टाचार, कालोबजारी, कमिसनखोरीको प्रकृयामा लागे । दलालवर्गसँग साँठगाँठ र गठजोठ गर्न पुगे । तर, जनयुद्धमा आफ्नो बलिदान दिने वीर सहिद, परिवार आज आकुल/व्याकुल अवस्थामा छन् । हजारौँ बेपत्ता योद्धाका परिवारहरूको दैनिकी दयनीय अवस्थामा गुज्रिरहेको छ । जनयुद्धका घाइते/अपाङ्ग योद्धाहरूको समस्या पनि विकराल छ । यस्तो अवस्थामा तत्कालीन माओवादीभित्रका क्रान्तिकारीहरूले प्रचण्डको संशोधनवादविरुद्ध विद्रोहको झन्डा उठाए । त्योसँग सम्बन्धविच्छेद गर्दै, नेपाल कम्युनिस्ट पार्टीको पुनर्गठन गरेर क्रान्तिकारी विचार, महान् जनयुद्ध र उत्पीडित जनतामाथि भए गरिएका सबै प्रकारका गद्दारी र धोखाधडीका विरुद्ध एकीकृत जनक्रान्तिको उद्घोष गरिसकेको अवस्था छ । यस्तो परिवेशमा स्वभावैले तत्कालीन माओवादी र राज्यपक्षसँग भए गरिएका सबै शान्ति/सम्झौताहरू व्यवहारतः स्वतः भङ्ग हुन पुगेको छ ।

क. विप्लवको नेतृत्वमा रहेको नेपाल कम्युनिस्ट पार्टीले आजको विश्व र नेपालको राजनीतिक अवस्थाको वस्तुनिष्ठ संश्लेषण गर्दै एकीकृत जनक्रान्तिमा लामवद्ध हुने/बनाउने प्रकृयाको उद्घोष गरिसकेको छ । न त यो संसदीय व्यवस्थाका लागि १० वर्षको महान् जनयुद्ध संचालित थियो ? न प्रचण्ड/बाबुराम मण्डलीले गरेको गद्दारीलाई सहर्ष स्वीकार गरेर संसद्वादको फोहोरीखेलमा सामेल बनाउने कुरा क्रान्तिकारीहरूका लागि मान्य हुने विषय हो । के माओवादी क्रान्तिमा हारेर वा आत्मसर्मपण गरेर शान्तिप्रकृयामा आएका हुन् ? के राज्यले माओवादीमाथि युद्ध जितेर वा एकलौटी हतियार खोसेर शान्तिप्रकृयामा ल्याइएको हो ? त्यसैले, शान्तिप्रकृयालाई क्रान्तिकारीहरूले मान्नुपर्ने कुनै सन्दर्भ र कारणहरू तत्थ्यपरक छैनन् । यस मानेमा तत्कालीन अवस्थामा गरिएका शान्ति/सम्झौता स्वतः खारेज हुने वा भङ्ग भएको अर्थमा जान्नु, बुझ्न आवश्यक छ । जहाँसम्म आजको सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टीले हतियार उठाउने कुरा छ, त्यो राज्यको नीतिमा भर पर्ने विषय हो । राज्यले राजनीतिक हिसाबले व्यवहार गर्छ, त्यससँग प्रतिस्पर्धा गर्न नेकपा तयार भएको कुरा बारम्बार उद्घोष भएकै छ । होइन, राज्यले हतियारको बलमा ठीक लगाउन सकिन्छ भन्ने युद्धवादी नीति अख्तियार गर्छ र दमन गर्न आउँछ भने त्यसको प्रतिवादमा उत्पीडित जनता र नेपाल कम्युनिस्ट पार्टी तम्तयार नै रहेको कुरामा कोही पनि दुविधामा नफसे हुन्छ ।

### ३. असफल कथित संसदवादी चुनाव

धादिङ जिल्लाको रुबीभ्याली गाउँपालिकाअन्तर्गत सेर्तुङस्थित बोराङको मुक्रव देवी मावि मतदान केन्द्रमा ९९ दशमलव २६ प्रतिशत मत खस्यो । त्यहाँ मतदाता संख्या ८ सय १५ जना थिए । चुनावमा ८ सय ९ मत खस्यो । जब कि मतदाता नामावलीमा रहेकोमध्ये १७ जनाको मृत्यु पहिले नै भइसकेको थियो । बाजुरामा १ जनाले ६० पटकसम्म मत खसालेको समाचार बाहिरै आयो ।। अझ संकटकाललाई बिर्साउनेगरी सेनाको घेराबन्दीमा यो चुनाव गरियो । मतदान गर्न नजाने जनतालाई बन्दुक तेर्साउँदै मत हाल्न बाध्य पारियो । निर्दोष नेकपाका कैयौँ नेता-कार्यकतालाई हिरासतमा कोच्यो । यसरी दिनको संकेत बिहानीबाटै गर्न सकिन्छ भनेजस्तै यो चुनाव कस्तो भयो, सानो नमुना यी विषयहरूबाटै प्रस्ट हुन सकिन्छ । यहाँसम्मको राजनीतिक परिस्थिति हेर्दा नेपालको राजनीति पूरै तस्कर, व्यापारिक घराना, गुण्डानाइके, ठेकेदार, राष्ट्रघाती, जनघाती, भ्रष्टाचारी, मानवतस्करी र हत्याराहरूको हातमा पुगेको छ । राजनीतिमा हामीले नियतलाई हेर्ने होइन, परिणामबाट मूल्याङ्कन गर्ने हो । चुनावमा जुन ढंगले आर्थिक चलखेल भएको छ, त्यो रूपमा नेपाली बैंकहरूबाट खर्चको निकासी नभएको सन्दर्भले मुलुक कालोबजारीयाहरूको चङ्गुलमा पुगेको छ । आज देउवा, केपी, प्रचण्डहरू तिनै तस्कर, भ्रष्टाचारी, व्यापारिक घराना, गुण्डानाइके, ठेकेदार, राष्ट्रघाती, जनघाती, हत्यारा र कालोबजारियाको नेता बन्न पुगेका छन् । जीवनभर आस्था र इमानदार राजनीति गर्ने कार्यकर्ताहरू निरीह र अपमानित बनेर ओठ सुकाउँदै हिन्ने अवस्था पैदा भएको छ । आफ्नो जीवनभर तस्कर, व्यापार, गुण्डागर्दी, ठेक्कापट्टा, राष्ट्रघात, जनघात, हत्या/हिंसा र आतङ्क, कालोबजारी, चेलीबेटी बेचबिखन र मानवतस्कर गरेर देशलाई ब्रह्मलुट र कङ्गाल बनाउनेहरू राजनीतिको ठूल्ठूला गफ हाँक्दै जनताका बीचमा हल्लिने कुरा झनै लाजमर्दो र उदेकलाग्दो छ । त्यसैले, परिणामतः यो कथित चुनाव असफल मात्र हैन, जनताका बीचमा खारेजको तहमा नै पुगेको छ ।

### ४. असफल सुरक्षा नीति

... बाँकी पृष्ठ ७ मा

▶▶ अघिल्लो अंक (२०७४ पुस १२) बाट बाँकी

# रेशममार्ग आर्थिक क्षेत्र र २१ औँ शताब्दीको सामुद्रिक रेशममार्ग

# साझा रूपमा बनाउने दृष्टिकोण र कार्यक्रम

**बेरोकतोक व्यापार**

सहकार्य क्षेत्र र बाटो निर्माणको लागि लगानी र व्यापार महत्वपूर्ण छ। हामीले लगानी र व्यापारको सुविधाको सहजता र सबै सम्बन्धित देशहरूमा र क्षेत्रीय रूपमा पनि चुस्त व्यापारको वातावरणका लागि लगानी र व्यापार गर्न तगारा बनेका कुराहरूलाई पराजित गर्नुपर्दछ। हामीले क्षेत्र र बाटोमा पर्ने सबै देशहरूमा स्वतन्त्र व्यापार खुला गर्न र सबै देशहरू र क्षेत्रहरूसँग छलफल गर्नेछौँ किनभने विस्तृत सहकार्यका लागि क्षमता विस्तार गर्न सकियोस्।

क्षेत्र र बाटोमा परेका देशहरूले सूचना सम्बन्ध, नीति नियमहरूको आपसी सम्मान र कानुन कार्यान्वयनका लागि आपसी सहायता, अनुगमन र संक्रामक रोगीलाई अरूसँग अलग राख्ने चेकजाँच, प्रमाणीकरण र विश्वसनीयताको क्षेत्रमा दुईपक्षीय र बहुपक्षीय सहकार्य, स्तरमापन र तथ्यांकित सूचना आदान-प्रदानलाई अभिवृद्धि गर्नुपर्दछ। विश्व व्यापार सङ्गठनको व्यापार सुविधा सम्झौताको कार्यान्वयन सुनिश्चित गरिनुपर्दछ। हामीले सिमानाका बन्दरगाहहरूमा भन्सार सेवाको छुट गर्ने बन्दोबस्तमा सुधार, सीमावर्ती बन्दरगाहमा 'एकद्वार नीति', स्थापित गरिनुपर्दछ। भन्सार छुटको शुल्क घटाउनुपर्दछ र भन्सार छुटको क्षमतामा सुधार गर्नुपर्दछ। हामीले आपूर्तिको सुरक्षा र सहजतामा सहकार्य गर्नुपर्दछ। अन्तर्सिमाना सुपरीवेक्षण प्रक्रियामा समन्वय गर्नुपर्दछ। सीमा क्षेत्रमा अनुगमन र संक्रामक रोगीलाई अलग राख्नको लागि अनलाइन सेवाको उपयोगलाई प्रोत्साहित गर्नुपर्दछ। आधिकारिक आर्थिक परिचालकहरूको आपसी अनुमोदनलाई सहज बनाउनुपर्दछ। हामीले कर नलाग्ने अवरोधहरूलाई कम गर्दै जानुपर्दछ। संयुक्त रूपमा प्राविधिक व्यापार सूचकहरूलाई पारदर्शी गर्दै जानुपर्दछ र व्यापार उदारीकरण र सुविधालाई अभिवृद्धि गर्दै जानुपर्दछ।

हामीले व्यापार क्षेत्रहरूको विस्तार, व्यापार संरचनाको सुधार, व्यापारका नयाँ वृद्धिको सम्भावनाको खोजी र व्यापार सन्तुलनलाई अभिवृद्धि गर्दै जान जरुरी छ। हामीले सबैखाले व्यापारबारे खोज अनुसन्धान गर्दै जान जरुरी छ र अन्तर्सिमाना इ-कमर्स र अरू आधुनिक प्रविधिहरूको प्रयोग गर्न ध्यान दिनुपर्दछ। सर्वमान्य व्यापारको विकास र विस्तार गर्न सेवा व्यापार सहयोग प्रणाली स्थापित गर्नुपर्दछ र आधुनिक सेवा व्यापारको विकासलाई बलियो बनाउनुपर्दछ। लगानी र व्यापारलाई एकीकृत गर्दै जानुपर्दछ र लगानीमार्फत् व्यापारलाई प्रोत्साहित गर्नुपर्दछ।

हामीले लगानीको सहजतालाई गति दिने, लगानीमा अवरोधहरू उन्मूलन गर्ने र लगानी सुरक्षा सम्झौताको लागि दुई पक्षीय संवाद अगाडि बढाउने र दोहोरो करलाई हटाउने सम्झौतालाई ध्यान दिनुपर्दछ र यसले लगानीकर्ताहरूको कानुनी अधिकार र हितको संरक्षण गर्नेछ।

हामीले आपसी लगानी क्षेत्र विस्तार, कृषि, वन, पशुपालन र माछापालनमा सहकार्य, कृषि औजारको उत्पादन र कृषि उत्पादनको प्रशोधनमा सहकार्य र सामुद्रिक उत्पादनको खेती, समुद्रको गहिराइमा गरिने माछा मार्ने काम, जलउत्पादनको प्रशोधन, समुद्रको पानीबाट नुन निकाल्ने काम, सामुद्रिक जैविक फार्मेसी, सामुद्रिक इन्जिनियरिङ प्रविधि, वातावरणीय सुरक्षा, उद्योग, सामुद्रिक पर्यटन र अरू क्षेत्रहरूमा प्रोत्साहनलाई अझ गहिरो गरी लानुपर्दछ। हामीले कोइला, तेल, ग्यास, धातु, खनिज र अरू उपलब्ध ऊर्जा स्रोतहरूको उत्खनन् विकासको लागि अझ बढी सहकार्य गर्दै जानुपर्दछ। जलविद्युत, आणविक ऊर्जा, वायु ऊर्जा र अरू सफा तथा नवीकरणीय ऊर्जा स्रोतहरूको विकासको लागि सहकार्य गर्न जरुरी छ। ऊर्जा निकालेकै ठाउँमा वा नजिकका स्थानहरूमा ऊर्जा र स्रोतहरूको प्रशोधन र रूपान्तरण गर्नमा सहकार्यमा जोड दिनुपर्दछ। यसो गर्नाले ऊर्जा र स्रोत सहकार्यको एकीकृत औद्योगिक विकासको लागि सहज हुनेछ। हामीले ऊर्जा र स्रोतहरूको क्षेत्रमा मिहिन प्रशोधन प्रविधि, साधन र इन्जिनियरिङ सेवामा सहकार्यलाई अझ अघि बढाउन सक्दछौँ।

हामीले उदीयमान उद्योगहरूमा सहकार्यलाई अघि बढाउनुपर्दछ। आपसी परिपूरक र आपसी हितको सिद्धान्तका आधारमा हामीले क्षेत्र र बाटोअन्तर्गत पर्ने देशहरूसँग नयाँ पुस्ताको सूचना प्रविधि, जैविक प्रविधि, नयाँ ऊर्जा प्रविधि, नयाँ पदार्थ र अरू उदीयमान उद्योगमा गहिरो तरिकाको सम्बन्ध विस्तार गर्नुपर्दछ र व्यापारिक र लगानीको सहकार्य संयन्त्र स्थापना गर्न जरुरी छ।

हामीले सम्पूर्ण औद्योगिक प्रणाली र सबै सम्बन्धित उद्योगहरूलाई उत्साहित गर्दै श्रम विभाजन र औद्योगिक प्रणालीको वितरणलाई तिनको विकासको ध्येयले सुधार गर्न जरुरी छ। अनुसन्धान र विकासको क्रमलाई प्राथमिकता दिनुपर्दछ। उत्पादन र बजार व्यवस्थापनलाई प्रवर्द्धन गरिनुपर्दछ। औद्योगिक सहायता, क्षमता र समग्र क्षेत्रीय उद्योगको प्रतिस्पर्धामा सुधार गर्नुपर्दछ। क्षेत्रीय सेवा उद्योगको विकासको गतिलाई गतिवान बनाउन हाम्रा सेवा उद्योग एकअर्कोलाई खुला गरिनुपर्दछ। हामीले लगानीको नयाँ ढाँचाको खोजी गर्नैपर्दछ। विदेशमा आर्थिक तथा व्यापारिक सहकार्य क्षेत्र र अन्तर्सिमाना आर्थिक सहकार्य क्षेत्रलगायत सबैखाले औद्योगिक क्षेत्रको विकासको लागि सँगै काम गर्नुपर्दछ। औद्योगिक गठजोड विकासलाई प्रोत्साहन गर्नुपर्दछ। लगानी र व्यापारको विकाससँगै पर्यावरणीय प्रगतिलाई पनि ध्यान दिनुपर्दछ। जैविक वातावरणको रक्षाको लागि सहकार्य बढाउनुपर्दछ। जैविक विविधताको संरक्षण गर्नुपर्दछ। जलवायु परिवर्तनका चुनौतीको सामना गर्नुपर्दछ। रेशममार्गलाई वातावरणमैत्री बनाउन हातमा हात राखी काम गर्नुपर्दछ।

हामी सबै देशका कम्पनीहरूलाई चीनमा लगानी गर्न आमन्त्रण गर्दछौँ। साथै, सबै चिनियाँ व्यापारिक प्रतिष्ठानहरूलाई क्षेत्र र बाटोमा पर्ने अरू देशहरूमा पूर्वाधार निर्माणमा सहभागी बन्न उत्साहित गर्न चाहन्छौँ। ती देशहरूमा औद्योगिक लगानीको लागि प्रोत्साहित गर्दछौँ। हामी स्थानीय अर्थतन्त्रको विकास, स्थानीय रूपमा रोजगारी सिर्जना, स्थानीय तहमा जीवनस्तर वृद्धि र स्थानीय जैविक विविधता र जैविक वातावरणको रक्षाको लागि सामाजिक जिम्मेवारीबोध गराउन स्थानीय सञ्चालन र व्यवस्थापन गर्ने चिनियाँ कम्पनीहरूको नीतिप्रति समर्थन गर्दछौँ।

**वित्तीय समागम**

क्षेत्र र बाटोको अगुवाईको कार्यान्वयनको लागि एउटा महत्वपूर्ण अन्तर्निहीत पक्ष भनेको वित्तीय एकीकरण हो। हामीले वित्तीय सहकार्य गहिरो बनाउँदै लानुपर्दछ। हामीले एसियामा मौद्रिक स्थायित्व प्रणाली, लगानी र वित्तीय प्रणाली र ऋण सूचना प्रणाली बनाउन केही थप मिहिनेत गर्न जरुरी छ। हामीले दुई देशबीच मुद्रा आदानप्रदानको क्षेत्र र मात्रा बढाउन आवश्यक छ। क्षेत्र र बाटोमा रहेका अन्य देशहरूसँग भएका समस्या समाधान गर्नुपर्दछ र एसियामा धितो बजार खुला गरी विकास गर्नुपर्दछ। एसियाली पूर्वाधार लगानी बैंक र ब्रिक्स नयाँ विकास बैंक बनाउन संयुक्त पहल गर्नुपर्दछ। साङ्घाई सहकार्य सङ्गठनको स्थापनाको लागि सम्बन्धित अरू पक्षहरूसँग संवादको थालनी गर्नुपर्दछ र सकेसम्म चाँडो रेशममार्ग कोष स्थापना गरी परिचालन गर्नुपर्दछ। चीन-आसियान अन्तर-बैंक सङ्गठनको व्यापारिक सहकार्यलाई बलियो बनाउनुपर्दछ। एकाधिकार ऋण र बैङ्क सङ्गठनको व्यापारिक सहकार्यलाई बलियो बनाउनुपर्दछ। एकाधिकार ऋण र बैङ्कको कर्जाको रूपमा बहुपक्षीय वित्तीय सहकार्य अगाडि बढाउनुपर्दछ। हामी क्षेत्र र बाटोमा परेका देशका सरकारहरू, तिनका कम्पनीहरू र वित्तीय निकायहरूलाई चीनमा रेनमिन धितो जारी गर्न राम्रो कर्जा दरसहित तिनका पहललाई समर्थन गर्दछौँ। योग्य चिनियाँ वित्तीय संस्था र कम्पनीहरूलाई चीन बाहिर दुवै रेनमिन र विदेशी मुद्रा जारी गर्न उत्साहित गर्दछौँ। त्यसरी जम्मा भएको कोष क्षेत्र र बाटोमा पर्ने देशहरूमा प्रयोग गर्नेछौँ।

हामीले वित्तीय नियमक सहकार्यलाई बलियो बनाउनुपर्दछ। दुई पक्षीय वित्तीय नियमन सहकार्यमा समझदारी पत्रमा हस्ताक्षर गर्न उत्साहित गर्दछौँ। यो क्षेत्रमा एउटा प्रभावकारी समन्वयात्मक संयन्त्र स्थापना गर्नमा जोड दिइनेछ। हामीले जोखिम सामनाको प्रणाली र सङ्कट व्यवस्थापनमा सुधार गर्नुपर्दछ। वित्तीय संकटको पूर्व जानकारी दिने क्षेत्रीय प्रणालीको विकास गर्नुपर्दछ। वित्तीय सङ्कटको पूर्व-जानकारी दिने क्षेत्रीय प्रणालीको विकास गर्नुपर्दछ। सीमा वारपार खतरा र सङ्कटको सम्बोधन गर्न सम्बन्ध र सहकार्यको संयन्त्रको विकास गर्नुपर्दछ। कर्जा अनुसन्धान नियमन, कर्जा अनुसन्धान संस्था र कर्जास्तर निर्धारक निर्धारक संस्थाबीच अन्तर्सिमाना सम्बन्ध र सहकार्य बढाउनुपर्दछ। हामीले रेशममार्ग कोषको पूर्ण परिचालन गर्नुपर्दछ र साथै क्षेत्र र बाटोमा परेका देशहरूका सार्वभौम धन कोषको पनि पूर्ण परिचालनमा ध्यान दिनुपर्दछ। रेशममार्गको अगुवाईको लागि प्रमुख परियोजना निर्माणमा सहभागी बन्न व्यापारिक औचित्यले लगानी कोष र निजी कोषलाई उत्साहित गनुपर्दछ।

**जनतादेखि जनतासम्मको सम्बन्ध**

यो अगुवाई कार्यान्वयनको लागि जनतादेखि जनतासम्मको सम्बन्धले जनसमर्थन जुटाउने काम गर्दछ। विस्तृत सांस्कृतिक र बौद्धिक सम्बन्ध, वैयक्तिक सम्बन्ध र सहकार्य, सञ्चार सहकार्य, युवा महिला सम्बन्ध तथा स्वयंसेवी सेवालाई प्रोत्साहित गरी रेशममार्गको मैत्रीपूर्ण सहकार्यको भावनामा काम अघि बढाउनुपर्दछ। यसले बहुपक्षीय र दुईपक्षीय सहकार्यलाई गहिरो बनाउन जनसमर्थन जित्न सक्छौँ।

हामीले एकअर्काको देशमा धेरैभन्दा धेरै विद्यार्थीहरू आदानप्रदान गर्न सक्दछौँ र संयुक्त रूपमा विद्यालयहरू सञ्चालनमा सहकार्यलाई प्रोत्साहन गर्न सक्दछौँ। चीनले क्षेत्र र बाटोमा परेका देशहरूका सरकारलाई हरेक वर्ष दस हजार छात्रवृत्ति दिने गरेको छ। हामीले सांस्कृतिक वर्षहरू आयोजना गर्नुपर्दछ। कला महोत्सव र चलचित्र महोत्सव आयोजना गर्नुपर्दछ। एकअर्काको देशमा टिभी सप्ताह र पुस्तक प्रदर्शनीहरू आयोजना गर्नुपर्दछ। चलचित्र निर्माण, रेडियो र टेलिभिजन कार्यक्रम सञ्चालन र अनुवादमा सहकार्य गर्नुपर्दछ। विश्व सांस्कृतिक सम्पदा क्षेत्रहरूको संरक्षणको लागि संयुक्त पहल गर्नुपर्दछ। क्षेत्र र बाटोमा परेका देशहरूबीच वैयक्तिक आदानप्रदान र सहकार्यको सम्बन्ध बढाउनुपर्दछ।

पर्यटनको आकार वृद्धिको लागि सहकार्यलाई विस्तार गर्नुपर्दछ। पर्यटन प्रवर्द्धन सप्ताहहरूको आयोजना गर्नुपर्दछ। एकअर्को देशमा प्रचारप्रसार महिनाहरू आयोजना गर्नुपर्दछ। संयुक्त रूपमा प्रतिस्पर्धी अन्तर्राष्ट्रिय पर्यटन बाटा र उत्पादनहरू बनाउनुपर्दछ। त्यस्ता बाटा र उत्पादन रेसम मार्गको विशेषतायुक्त हुनुपर्दछ। क्षेत्र र बाटोमा पर्ने देशहरूमा पर्यटकहरूको प्रवेशको लागि प्रक्रिया सहज बनाउन जरुरी छ। हामीले २१ औँ शताब्दीको सामुद्रिक रेसम मार्ग लक्षित पर्यटनमार्गको लागि सहकार्यलाई जोड दिनुपर्दछ। प्रमुख अन्तर्राष्ट्रिय खेलकूद कार्यक्रम आयोजनाको लक्ष्यसहित क्षेत्र र बाटोमा पर्ने देशहरूबीच खेलकूदको क्षेत्रमा सम्बन्ध विस्तार र सहायताका कार्यक्रम गरिनुपर्दछ।


हामीले जनस्वास्थ्यका आकस्मिक विषयहरूमा महामारी रोगको सूचना आदानप्रदान, रोग हुन नदिने र रोगको निदानका लागि प्रविधि, स्वास्थ्यकर्मीहरूको तालिम र हाम्रो क्षमता अभिवृद्धिमा छिमेकी देशहरूसँग साझा सहकार्य बलियो बनाउनुपर्दछ। हामीले प्रभावित देशहरूमा चिकित्सकीय सहायता र आकस्मिक औषधी सहायता उपलब्ध गराउनेछौँ र मातृस्वास्थ्य तथा बालस्वास्थ्य, फरक ढंगले सक्षम व्यक्तिहरूको पुनर्स्थापना र एड्स्, क्षयरोग र औलोजस्ता प्रमुख सरुवा रोगहरूको निदानको लागि व्यावहारिक सहकार्य अघि बढाउनेछौँ। हामीले परम्परागत औषधी विज्ञानमा सहकार्यलाई फराकिलो बनाउँदै जानेछौँ।

हामीले विज्ञान र प्रविधिको क्षेत्रमा सहकार्यलाई बढाउँदै लानेछौँ। साझा प्रयोगशालाहरू (अनुसन्धान केन्द्रहरू), अन्तर्राष्ट्रिय प्रविधि हस्तान्तरण केन्द्र तथा सामुद्रिक सहकार्य केन्द्र स्थापना गर्ने, विज्ञान र प्रविधिको क्षेत्रका विज्ञहरूको आदान-प्रदान, विज्ञान र प्रविधि प्रमुख समस्याहरूको समाधान र विज्ञान प्रविधिको अनुसन्धान क्षमता वृद्धिमा सुधारको लागि काम गर्न आपसी सहकार्यलाई विस्तार गर्दै जानेछौँ।

क्षेत्र र बाटोमा परेका देशहरूबीच युवा रोजगारी, व्यवसायिक तालिम, सीपमूलक दक्षताको विकास, सामाजिक सुरक्षा व्यवस्थापन, तालिम, सीपमूलक दक्षताको विकास, सामाजिक सुरक्षा व्यवस्थापन, सार्वजनिक प्रशासन र व्यवस्थापनलगायत साझा चासोका विषयहरूमा व्यवहारिक सहकार्यको विस्तार र विकासको लागि भएका स्रोतहरूको परिचालन गर्नुपर्दछ।

क्षेत्र र बाटोमा आवद्ध देशहरूका राजनीतिक दल र व्यवस्थापिकाबीचको संवादको मध्यस्थ भूमिकालाई पूर्ण आकारमा काम गर्न दिनुपर्दछ र व्यवस्थापिका, प्रमुख राजनीतिक दल र राजनीतिक सङ्गठनहरूबीचको मैत्रीपूर्ण सम्बन्धलाई प्रोत्साहित गर्नुपर्दछ। हामीले क्षेत्र र बाटोमा आवद्ध देशहरूका नागरिकहरूबीच सम्बन्ध विस्तार र सहकार्य तथा प्रमुख सहरहरूबीच भगिनी सम्बन्ध विस्तारको लागि प्रोत्साहन गर्नुपर्दछ, व्यवहारिक सहकार्य विशेषतः सांस्कृतिक तथा जनताको तहसम्मको सम्बन्ध विस्तारमा जोड दिँदै सहकार्यका अरू जीवन्त उदाहरण बनाउनुपर्दछ। हामी क्षेत्र र बाटोमा परेका देशहरूका विचारक र चिन्तकहरूलाई अनुसन्धानका कार्य अगाडि बढाउन र साझा सम्मेलनहरू आयोजनाको लागि आमन्त्रण गर्दछौँ।

हामीले क्षेत्र र बाटोमा परेका देशहरूका गैरसरकारी सङ्गठनहरूबीच सम्बन्ध तथा सहकार्य विस्तार गर्नुपर्दछ। क्षेत्र र बाटोमा सर्वसाधारण जनताको हित र ती क्षेत्रका विपन्न भू-भागहरूको उत्पादन र जीवनस्तरमा सुधार ल्याउन शिक्षा, स्वास्थ्य सेवा, गरिबी न्यूनीकरण, जैविक विविधता र पर्यावरणीय सुरक्षाजस्ता सार्वजनिक चासोका कार्यक्रमहरूको आयोजना गरिनुपर्दछ। हामीले संस्कृति र सञ्चार क्षेत्रमा अन्तर्राष्ट्रिय सम्बन्ध र सहकार्य अभिवृद्धि गर्दै सद्भावपूर्ण र मैत्रीपूर्ण वातावरण। सार्वजनिक मत बनाउन अन्तर्राष्ट्रिय तथा नयाँ सञ्चार माध्यमहरूको सकारात्मक भूमिकालाई गति दिन जरुरी छ।




***क्षेत्र र बाटोमा रहेका अन्य देशहरूसँग भएका समस्या समाधान गर्नुपर्दछ र एसियामा धितो बजार खुला गरी विकास गर्नुपर्दछ। एसियाली पूर्वाधार लगानी बैंक र ब्रिक्स नयाँ विकास बैंक बनाउन संयुक्त पहल गर्नुपर्दछ। साङ्घाई सहकार्य सङ्गठनको स्थापनाको लागि सम्बन्धित अरू पक्षहरूसँग संवादको थालनी गर्नुपर्दछ र सकेसम्म चाँडो रेशममार्ग कोष स्थापना गरी परिचालन गर्नुपर्दछ। चीन-आसियान अन्तर-बैंक सङ्गठनको व्यापारिक सहकार्यलाई बलियो बनाउनुपर्दछ। एकाधिकार ऋण र बैङ्क सङ्गठनको व्यापारिक सहकार्यलाई बलियो बनाउनुपर्दछ। एकाधिकार ऋण र बैङ्कको कर्जाको रूपमा बहुपक्षीय वित्तीय सहकार्य अगाडि बढाउनुपर्दछ। हामी क्षेत्र र बाटोमा परेका देशका सरकारहरू, तिनका कम्पनीहरू र वित्तीय निकायहरूलाई चीनमा रेनमिन धितो जारी गर्न राम्रो कर्जा दरसहित तिनका पहललाई समर्थन गर्दछौँ। योग्य चिनियाँ वित्तीय संस्था र कम्पनीहरूलाई चीन बाहिर दुवै रेनमिन र विदेशी मुद्रा जारी गर्न उत्साहित गर्दछौँ। त्यसरी जम्मा भएको कोष क्षेत्र र बाटोमा पर्ने देशहरूमा प्रयोग गर्नेछौँ।***

# करौँचीदेखि कलकत्तासम्म


हावर्ड फास्ट

चर्चित अमेरिकी लेखक हावर्ड फास्ट जुलाई, अगस्त १९४५ मा भारत भ्रमणमा थिए। उनलाई 'कोरोनेट' अखबारले दोस्रो विश्वयुद्धको समयमा चीन, बर्मा र भारतको यात्रा गरेर युद्धको विषयमा लेख्न पठाएको थियो। उक्त अवसरमा फास्टले गान्धीसँग अन्तर्वार्ता लिनुभयो। उनले ब्रिटिस साम्राज्यवाददारा बंगालमा थोपरिएको भीषण ज्यादती, अकाल आफ्नै आँखाले देखेका थिए। त्यसलाई उनले नरक भनेका थिए। जसका कारण उनी धेरै दिन कलकत्ता बस्नसमेत सकेनन्। उनले कलकत्तामा भएको ब्रिटिसको ज्यादती तथा अपराधलाई हिटलरको होलोकोस्ट काण्डभन्दा पनि भयानक र ज्यादतीपूर्ण भनेका थिए। फास्टले सो यात्रा वृत्तान्त अमेरिकी कम्युनिस्ट पार्टीको अखबार 'द न्यू मासेज' मा लेख्न चाहे तर सो पत्रिका उनको लेख छाप्न तयार भएन। आफ्नो उपन्यासमा त्यस विषयमा फास्टले विस्तारपूर्वक लेखेका छन्। आफ्नो आत्मकथा 'बिइङ रेड (१९९०) मा प्रकाशित सोही कृतिको भारत प्रसङ्ग पृष्ठ (११२-१२८) यहाँ नेपाली भाषी पाठकका लागि साभार प्रकाशित गरिएको छ)

करौँचीमा उखर्माउलो गर्मी थियो। अधिकांश संवाददाताहरू वातानुकुलित संचारगृहको भवनमा चिसो पेयपदार्थ खाँदै समय गुजार्दै थिए। अमेरिकी सभ्यताको हावाले यहाँको समाजलाई पनि छोएको देखिन्थ्यो। त्यसकारण उनीहरूसँग कोकाकोला मात्र होइन बरफका टुक्रा पनि हुन्थे। हवाईजहाजबाट हामी पेशावर गयौँ। त्यसपछि एकजना अंग्रेज अधिकारीले हामीलाई सडकमार्गबाट खैबरदर्रा पुऱ्याई दिए। ती जनसम्पर्क अधिकारीको व्यवहार अत्यन्त भातृत्वपूर्ण थियो। उनी पनि त्यो इलाकामा कहिल्यै पुगेका रहेनछन्। हामी दुवैले त्यो इलाकाको विषयमा निकै पढेका थियौँ। ती अंग्रेजको लेखनलाई त्यहाँका अंग्रेजहरू महत्व दिन्थे। उनले मलाई सुनाए कि अंग्रेजी तानाशाहहरू विमान चालकलाई अफगानिस्तान पठाउँछन्। कविलाहरूको बस्तीमा बम पड्काउँछन्। कविलाहरू बन्दुकको प्रतिरोध गर्छन्। अंग्रेजहरू अफगानिस्तानमा त्यस्तो गर्दा त्यहाँ ब्रिटिस-अफगानिस्तान युद्ध भएको थिएन।

**अमानवीय सेवक**

करौँचीमा मलाई मन पर्ने कुनै पनि कुरा थिएन। बरु मन अमिलो पार्ने थुप्रै विषय थिए। अंग्रेज शासनको यो दास सहरमा जता गयो, त्यतै मन दुख्ने विषयहरू थिए। एक ठाउँमा दुईजना अंग्रेज अधिकारीहरू स्नानगृहबाट नुहाएर सर्वाङ्ग नाङ्गै बाहिर आएको देखेँ। दुईजना भारतीय सेवकले उनीहरूको शरीर पुछ्दै थिए। ती सेवकहरूलाई नोकर भनिँदो रहेछ। दुवैजना साहेबहरू यसो उसो भनिरहन्थे र नोकरहरू तिनीहरूको शरीर सुख्खा नहुन्जेल पुछिरहन्थे। उनीहरू तिनका गुप्ताङ्गसमेत पुछिरहेका हुन्थे। नोकरका अनुहार कान्तिहीन थिए। उनीहरू प्रतिक्रिया जनाउने स्तरको मानवीय गुणसमेत गुमाएका मान्छेजस्ता लाग्थे।

म उनीहरूसँग प्रतिक्रिया माग्न अघि सरेँ। त्यसपछि म वायुयानमा दिल्ली गएँ। दिल्लीको वायुसेवा मुख्यालयमा गएर सुचित गरेँ। आफ्नो कागजात देखाएँ र आफ्नो काम जाहेर गरेँ। म एउटा आलेख तयार गर्न आएको बताएँ। मेरो यात्राको विषयमा उनीहरूलाई पूर्ण जानकारी थिएन। जनसम्पर्क इन्चार्ज मेजर आस्टिनले संवाददाताहरूको लागि सबै उडान स्थगित गरेको जानकारी गराएँ। विदेशमा लामो समयदेखि काम गरिरहेका जवानको विषयमा अमेरिकी संचारमा लेख छापिन थालेदेखि त्यसो गरिएको बताए। मलाई वायुअड्डामा सम्पर्क गर्न भनेको हुनाले आफू त्यहाँ गएको मैले जानकारी गराएँ। म एउटा रोचक लेख तयार गर्न चाहन्छु। मेजर आस्टिनलाई त्यस विषयमा कुनै जानकारी थिएन। उनले फौजी शैलीमा त्यस विषयमा निर्णय गर्ने आफूलाई कुनै अधिकार नभएको ठाडो जवाफ दिए। मैले उनलाई काहिरामा सम्पर्क गर्न अनुरोध गरेँ। उनले सम्पर्क पनि गरे तर उताबाट पनि त्यस विषयमा कुनै सूचना नपाएको जानकारी आयो। उसले थप के पनि बताए कि अब क्याप्टेन फिप्ससमेत छिट्टै फिर्ता हुँदैछन्। उनले मलाई रेलबाट कलकत्तातर्फ फर्कन सल्लाह दिए र त्यहाँबाट चीन जान सकिने सम्भावना छ।

**दिल्लीमा**

यताउता भौँतारिँदै मेरो पाँच दिन गए। ती दिन म दिल्लीमा नै बसेँ। कार्जन सडकको गल्लीमा मलाई एउटा कोठा दिइएको थियो। त्यो सफा सुग्घर इलाकामा थियो तर चिरन्तता अल्पायु हुन्छ। त्यो कुरा एडोल्फ हिट्लर र अन्य धेरै मान्छेहरूलाई थाहा थियो। सन् १९४५ को वर्ष भारतमा ब्रिटिस शासन पतनको सँघारमा थियो। यद्यपि ब्रिटेनले नयाँ दिल्लीको भव्य निर्माण जारी राखेका थिए। गुलाबी ढुङ्गाको महल बनाएका थिए। फौजहरू, अमेरिकीहरू र अंग्रेहरू बस्नका लागि भव्य आवासगृह निर्माण गरेका थिए।

यहाँ गर्मी चढ्दै गएको थियो। यो मौसममा सबैजसो सरकारी कार्यालयहरू कास्मिर पहाडतिर सारिन्छन्। लडाइँ चर्केको कारण थोरै मान्छेहरू मात्र त्यता लागेका थिए। जब दिल्ली हवाईअड्डामा हाम्रो जहाज उत्रेको थियो, कार्यालयको तापमापक यन्त्रले १२० डिग्री फरेनहाइट देखाइरहेको थियो। तर, हामी उत्रिनासाथ मुसलधारे वर्षा सुरु भयो। जसका कारण तापक्रम १०५ सम्म झऱ्यो। हामीलाई थोरै भए पनि राहत महसुस भयो। मलाई सम्झना छ रेडक्रसका दुइटी परिचारिका (नर्स) पनि त्यही हवाईजहाजबाट उत्रेका थिए। उनीहरूको माडले सुन्दर मुजा पारेका लुगा पहिरेका थिए। उनीहरू चिच्याउँदै हवाईअड्डाबाट बाहिर निस्कँदै थिए। दोस्रोपटक दिल्ली आएकोमा उनीहरू हर्षित देखिन्थे।

अर्को दिन ब्युँझदा दिल्लीको तापक्रम १ सय डिग्री थियो। विश्रामकक्षको छेउमा चकटी थियो। नोकरले चकटी सफा गरिरहेको थियो। त्यो आवाजले म निद्राबाट ब्युँझेको थिएँ। परम्परागत गिजरमा पानी हाल्नासाथ कोठा चिसो भयो। अघिल्लो दिन मैले त्यहाँका कतिपय मान्छेहरूसँग चिनजान गरेको थिएँ। उनीहरूलाई मैले अर्को दिन भेट्ने वाचा गरेको थिएँ।

तिनीहरूमध्ये राल्फ लोएवे एकजना थिए। आज दिल्लीमा गान्धी आउने सूचना भान्छाघरमा आएर उसैले दिएको थियो। मैले आफूलाई गान्धीसँग भेट्न चाहेको बताएँ। उसले यो त्यसका लागि अवसर हुन सक्ने उसले बताएको थियो। म पनि त्यो अवसरको प्रतीक्षामा थिएँ। त्यसका लागि पुरानो दिल्ली जानुपर्थ्यो। तर कसरी जाने ? उसले मलाई टाँगा चढेर जाने सल्लाह दियो।

उसबेला भारतमा यताउता छोटो यात्राका लागि टाँगा वा रिक्सा नै मुख्य साधन थिए। धेरैपछि कलकत्तामा भने ड्युक कारहरू पर्यटक वाहन वा ट्याक्सीको रूपमा चल्न थालेका थिए। त्यसको अगाडि सिटमा बडेमानको दारीवाल पञ्जाबीहरू बसेका हुन्थे तर त्यसबेला दिल्लीमा भने त्यस्ता ट्याक्सी वा कार देखिन्थे। (दिल्लीको उक्त भेटपछि राल्फसँग मेरो फेरि कुराकानी भएन। कैयौँ वर्षपछि उनको चिट्ठी पाएको थिएँ। त्यसबेला उनी कुनै क्याम्पसको प्रोफेसर भएका थिए। उनले मेरो उपन्यास स्पार्टाकसलाई नाट्य-रूपान्तरण गर्न अनुमति मागेका थिए, जसका लागि मैले अनुमति दिएको थिएँ; जसको मञ्चन पनि कुनै क्याम्पसमा गरियो।

टाँगा दुईओटा पाङ्ग्रा भएको सवारी साधन हो। ब्रिटेनको कुकुर सवारीजस्तै। जसमा टाँगा चालक अग्रभागमा बसेको हुन्छ र त्यसको एकक्दम पछाडि यात्रुहरू हुन्छन्। नयाँ दिल्लीलाई छुट्याउने कच्चीबाटोबाट हामी टाँगामा पुरानो दिल्लीतिर लाग्यौँ। सखारैदेखि चर्को गर्मी थियो र गर्मी बढ्दै गएको थियो। टाँगा तान्ने घोडा अत्यन्त दुब्लो पातलो थियो। त्यो निकै सुस्तरी हिँडेको थियो। मेरो साथी घोडाको दयनीय स्थिति हेरेर सहनै नसक्नेगरी दुःखी भयो। उसले टाँगावालालाई लागेको भाडा दिएर ओर्ल्यो र टाँगा खाली लैजान भन्यो। त्यसपछि हामी पैदलै पुरानो दिल्ली जाने निर्णयमा पुग्यौँ। म यहीनेर एउटा कुराको दाबी गर्न चाहन्छु। लोएवे बिहान निस्कँदा गोजीभरि खुद्रा पैसा हाल्थे र दिनभरि माग्नेहरूलाई दिन्थे। आना भारतको सबैभन्दा सानो एकाइको मुद्रा थियो। सेन्टको दसौँ भाग बराबर थियो।

चर्को गर्मीले जलेको धुले उजाड सडकमा हामी एक माइल यात्रा गरिसकेका थियौँ। दुई तिहाइ बाटो हिँडेपछि जैनमन्दिर देखियो। हामी खुसी भयौँ। हरियाली भू-भागमा आइपुगेझैँ लाग्यो। जैनपुजारीले हामीलाई भित्र बोलाए, जुत्ता बाहिरै राखेर हामी छहारीतिर लाग्यौँ। केही समय आराम गरेर हामी फेरि आफ्नो बाटो लाग्यौँ। कसैले पनि हामीलाई केही भनेन। धेरैपछि हामीलाई थाहा भयो कि जैन असाध्यै शान्तिप्रिय समुदाय हो। ठ्याक्कै बौद्धमार्गीसरह हुन्छन् जैनहरू। कसैको कसैसँग बैरभाव हुँदैन।

**गान्धीसँग साक्षात्कार**

पुरानो दिल्लीमा त्यसबेला गान्धी आउँदैछन् भन्ने कुरा हरेक नागरिकलाई थाहा थियो। जब हामी रेड स्टेसनमा पुग्यौँ, गान्धी आउनुभन्दा अगाडिदेखि नै हजारौँ मान्छे प्रतीक्षामा थिए। त्यो भीड मिनेट-मिनेटमा उर्लिरहेको थियो। हामी पनि त्यही भीडमा मिसियौँ एकजना अंग्रेजी भाषी भारतीयले अग्ला स्थानमा उभिएर गान्धी ३ बजे या त्यसपछिको रेलमा आएर सार्वजनिक सम्बोधन गर्नेछन्। सायद गान्धी रेलको डिब्बाबाट निस्कनेछैनन्। मैले आफू गान्धीसँग भेट्न चाहेको जाहेर गरेपछि मेरो वरपरका मान्छेहरू हाँसे।

हामीले होचा साधुजस्ता ख्याउटे गान्धीलाई देख्यौँ। पचास गज नजिकबाट देखेका थियौँ। हामी त्यसभन्दा नजिक पुग्न भने सकेनौँ। दुईचार शब्द बोल्यौँ र त्यो पनि भीडमा हरायो। त्यसपछि गान्धीको रेल हिँडिहाल्यो। ममाथि त्यसको गहिरो प्रभाव पऱ्यो। मलाई लाग्यो,

... बाँकी ७ पृष्ठमा

# बिनाकारण हिरासतमा यातना !


नकुल चौलागाई

भनिन्छ, मानिस स्वतन्त्रपूर्वक बाँच्न पाउनुपर्छ। यो कुरा कानुनमा समावेश गरेको छ। कानुनमा समावेश भए पनि यही कुरालाई लत्ताउने र कुठाराघात गर्नेहरू पनि अधिक छन्। जब नेपाल नेपाल कम्युनिस्ट पार्टीले दलाल भ्रष्ट तस्करीविरुद्ध र दलाल संसदीय व्यवस्थाविरुद्ध आवाज निकाल्दै अर्को जनवादी क्रान्तिको उद्घोष गऱ्यो। अनि दलाल भ्रष्ट तस्करीको विरुद्धमा कार्वाही गर्दै करोडौँ राजस्व नतिरेकोलाई राजस्व तिरायो, तत्काल दलाल संसदीय व्यवस्थाको अदालतसँग टक्कर दिन अर्को नेपाल कम्युनिस्ट पार्टीको जनअदालतको घोषणा गऱ्यो। यो देखेर दलाल राज्य व्यवस्थाले लुटेर खान पाए। नालायक अवसरवादीहरूले हाम्रो जनअदालतले गरेको कामलाई बन्द भएको आँखाले देख्न सकेन। यसकारण नेपालका लुटेर खान पल्केका प्रहरी प्रशासन मिलि हामीलाई गिरफ्तार सुरु भयो। सुतिरहेको ओछ्यानबाट उठाइयो। गर्भवती महिलालाई प्रशासनले देख्न सकेन। पटकपटक नेपालका प्रशासनले नेपाल कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्तामाथि गिद्दे नजरलाई रहियो। हामीले दलालवादीहरूको पहिलो र दोस्रो स्थानीय तहको र प्रादेशिक चुनाव खारेजी अभियान चलायसँगै प्रहरीको पहिलो नजर हामीमा रहिरहयो। यो चुनाव केवल हामी नेपाली जनताको लागि नभई दलाल फासिस्टवादीहरूका लागि करोडौँ खर्चेर गरेको चुनाव केवल आफ्नै आसेपासेको कुरा बुझ्नुभए र हामीलाई पटक-पटक गिरफ्तार गरिहनुभयो।

मंसिर १३ गते मलाई बिनाकारण नेपाल प्रहरी फोर्सले गिरफ्तार गरियो। यो गिरफ्तारी प्रतिपक्षका मित्रले गर्दा भएको थियो। जब म बौद्धबाट आफ्नो काम सकेर आफ्नै निवास जोरपाटी जाँदै थिएँ, तर म आफ्नो निवास नपुग्दै बीचमा काँडेतार लगाउने कोसिस गरियो। बाहुनधारामा आइसकेपछि मलाई नेपाल प्रहरीका सई साबले रोक्न खोज्नुभयो तर म आफ्नो समस्य दर्शाउँदै निवाससम्म पुगेँ, घर पुगेर कपडा लगाई गौतम जुसपसलमा के पुगेको थिएँ, सई, असई, प्यादी प्रहरी र अरू दुईजना त्यहाँ देखिए र मलाई पक्राउ गर्न अनेक वहाना खेल्नुभएको 'रै'छ। कालो चिया खाने निउँले मलाई त्यहीनेर भुलाये। के थाहा र मलाई म पनि त्यहीँ बसिरहे। एकछिनपछि चौलागाईं, भाइ तिमी हामीसँग जानुपर्‍यो भन्दै गिरफ्तार गर्नुभयो। मलाई बाइकमा राख्नुभयो। मलाई कतैबाट आक्रमण नहोस् भनेर अगाडि-पछाडि मेरो सुरक्षामा नेपाल प्रहरी थियो।

मैले भनेँ, सर किन मलाई पक्राउ गर्नुभएको ? मैले केही गल्ती गरेँ र सर ! सरले भन्नुभयो- गल्ती गरेको छैन, तपाईं नेपाल कम्युनिस्ट पार्टीको मान्छे भन्ने खबर आयो। यसकारण हामीले तपाईंसँग नेपाल कम्युनिस्ट पार्टीको बारेमा बुझ्नका लागि हामीले समातेका हौँ, तपाईं नेपाल कम्युनिस्ट पार्टिको के हो ? कुन पद छ भन्नुभयो। मैले भनेँ- म नेपाल कम्युनिस्ट पार्टीको सामान्य समर्थन गर्ने मान्छे हुँ। यसमा मेरो कुनै पद-पोस्ट नरहेको जानकारी गराएँ। अनि मलाई छोडिदिन पटक-पटक आग्रह गरेँ। मैले आफ्नो पारिवारिक समस्या दर्शाएँ। घरमा आमा-बुबा बिरामी हुनुहुन्छ। भूकम्प पीडितको घर बनाउन काठ ओसार्न भोलि घरमा जानु छ सर। मलाई छोडि दिनुहोस् भनेर आग्रह गरेँ। तर मेरो आग्रहलाई दलाल सत्ता र भत्ताको आडमा उभिएको नेपालका प्रहरी प्रशासन तताउँदै मलाई ३/४ दिन बस्नुपर्छ भन्दै बौद्ध रिफर गरियो। बौद्धमा पनि मेरो बयान लियो। त्यहाँ मैले भनेँ- सर के मैले मान्छे मारेर आएँ ? मलाई गिरफ्तार गर्नुभएको ! प्रहरीले भन्नुभयो- के गर्ने भाइ, मान्छे नमारे पनि विप्लवका नेता तथा कार्यकर्ता गिरफ्तार गर्नू भनेको छ। हाम्रो पनि डिउटी हो भाइ, भन्दै त्यहाँबाट पत्र तय भएर मलाई सिधै टेकु हिरासतमा राख्न आदेश दिइयो। मलाई बिनाकारण मेरो हातमा पहिलोपटक हत्कडी सुनका बाला लगाइयो। मलाई प्रहरीको गाडीमा राखियो। मेरो परिचय सोध्न थालियो। मैले केही बोलिनँ। फेरि सोधपुछ गर्नुभयो। मलाई रिस उठेपछि मैले भनेँ- के म अपराधी र देश विखण्डनकारी हो र ? यसरी ल्याउनुभएको। राष्ट्रिय स्वाधीनताको पक्षमा आवाज निकाल्दा भ्रष्टाचारको विरुद्धमा बोल्दा किन यस्तो यातना ? के भनेको थिएँ, उनीहरूले ममाथि नराम्रा अपशब्दहरू गर्नुभयो। यो त ठूलो नेता पो रहेछ। यसलाई दरो मुद्दा लगाउनुपर्छ, भन्नुभयो। मेरो आँखाबाट आँसुको धारा बग्न थाले। म रोएँ। कस्तो कानुन कस्तो प्रशासन रहेछ यो देशमा ? भ्रष्टाचार गर्नेलाई फूलमालाले स्वागत गरिन्छ, हातमा हत्कडी लगाइँदैन, खुलेआम दलालहरूलाई छोडिन्छन्। गल्ती नगर्ने बिनाकसुरका मान्छेलाई पनि एउटै यातना दिने यो देशको कस्तो कानुन भन्दै म रोएँ।

बिना-गल्ती मलाई टेकु हिरासत कक्षमा छिराउनुभयो। परिचय गर्दै जाँदा त्यहाँ मैले केही नेकपाका नयाँ र पुराना साथीहरूलाई देखेँ अनि उहाँहरूको सामान्य अवस्थाको बारेमा बुझ्न खोजेँ। उनीहरूको भनाइअनुसार साथीहरूलाई धेरै यातना दिएको रहेछ। दुई दिनसम्म साथीहरूलाई अज्ञात बनाइएछ। हातमा लगाएको हत्कडीले साथीहरूलाई हानिएछ। कानमा पनि सामान्य चोटपटक, शरीरमा पनि निलडाम रहेछ। आँखामा पनि कालो पट्टी लगाइयो रे ! धिक्कार कानुन ! के अपराध गरेका थियौँ र हामीले यत्रो यातना भोग्नुपर्ने। तेही हिरासतमै दलालीकरण हुँदासम्म कानमा तेल हालेर बस्ने हाम्रो देशको कस्तो प्रशासन ? त्यति कुराको व्यवस्थापन गर्न नसक्ने अरू त के कुरै छोडौँ। यो देशको दलाललाई त चिन्ता नै छैन, बिना-कसुरका मान्छे पनि त्यही हिरासत कक्षमा भेटियो। कसैले गल्ती गरेका पनि थिए होलान्। कोही बिना-गल्ती पनि आएका थिए होलान्। तर, त्यो दलाल अदालतले त्यो छानबिन गर्न सकेन, न्याय त कताकता उल्टै पीडा र मानसिक यातना दिइरहे। मलाई लाग्यो, २ महिनाको सुत्केरी नाबालकलाई पनि हिरासतको महिलाकक्षमा राख्दा कसको मन रुँदैन। ती चिसो भुइँमा मन दुखेर आयो अनि झन्डै ८० वर्षका बूढा बा पनि हिरासतमा मलाई लाग्यो, यो देशको कानुन पूरै शासकवर्गले कब्जा गऱ्यो। पीडित झन् पीडितको पीडित भए। यो राज्यव्यवस्थाले कसैको भलो गर्दैन। आम जनता एक भए भने दलाल न्यायलयमा आगो लगाउन अब कुनै आइतबार कुर्नुपर्दैन।

## कविता

### माओ र ग्रेटवाल


हरिप्रसाद सिलवाल

स्वागत छ तिनलाई !
तिनीहरू जिन्दगीका मोर्चा कस्दै
चेतनाको उकालो उक्लिरहेछन्
बेसीहरूबाट भारी उठाएर
चिसापानीमा घाँटी रसाएर
यार्साको निकुञ्जतिर तन्कँदै
मेरा धर्तीका साहसी माओहरू
पुर्खाले कोरेका साँधहरूमा
हड्डीहरू बटुल्दै र गाड्दै
मुट्ठी उठाउँदैछन् साथीहरू
मधेसका फाँकट झरेर
पिल्लर उखेलेका डोबहरूमा
करङका काँडेतार बनाउँदै
सिउँदैछन् आमाको छाती
उठाउँदैछन् भोका-तिर्खा बस्तीहरू
रगतले मुछेका माटोका लिउनले
लिप्दैछन् योद्धाहरू
भरिया, घँसिया, आरन र गोठालाहरूबाट
स्वाभिमानको सामरिकता कस्न
ए, मेरा धर्तीका माओहरू !
ए, माओका नव-चेतनाहरू !!
कुन साल, महिना, गते र बारदेखि
हाम्रो आँगनको सुरक्षा सिलाइन्छ ?
हाम्रो ग्रेटवालको जग श्रीगणेश हुन्छ ??
गाउँदैछन् गीत : चेतनाका माओहरू
रगतले मुछेको चपरीले
हड्डीको ग्रेटवाल उठाउनु छ !
पुर्खाको शिर र सिला जोगाउनु छ !!

### कार्ल हेनरिक मार्क्स


हान्ज मग्नस

तिमी तिम्रै
अनुयायीको हातबाट
छलियो मार्क्स
केवल तिम्रा दुस्मनहरू
जे थिए त्यही रहे
सदा सर्वदा
तिमीप्रति साँचो रहे
तिमी त आफ्नै
अनुयायीबाट छलियौ मार्क्स
अनुवाद : निभा शाह

### बोल



**फैज अहमद फैज**

**बोल, तिम्रा आवाजहरू स्वतन्त्र छन्**
**बोल, तिम्रा ओठ र शरिरहरू स्वतन्त्र छन्**
**बोल, आरनमा साङ्लाहरू स्वतन्त्र छन्**
**बोल, आरनमा ताल्चा र साङ्लाहरू जल्छन्**
**बोल, शरिर र जिब्रो रहन्जेल बोल**
**सत्य जिउँदो छ**
**बोल, मनैँ परेपनि बोल**
**सत्य जिउँदो छ**
भावानुवाद : निभा शाह

## कुर्सी स्वार्थको ...

देशमा पैदा भएको अकर्मण्यता, आर्थिक स्रोत र समयको क्षतिपूर्ति एमालेले गर्न सक्छ ? नैतिकताको मूल्य नभएको समाजमा त्यसको जवाफ दिन आवश्यक ठानिनेछैन। एमाले र माओवादी केन्द्रका बीचमा शक्ति बाँडफाँड टुङ्गिएको छैन । एमाले गठबन्धनले आवश्यक तयारी गर्न नसकेको कारण पनि कांग्रेसलाई कुर्सी लम्ब्याउने आधार पैदा भएको छ । सरकारको चाबी हातमा लिएर बसेका प्रचण्ड अहिले पनि दुईओटा डुंगामा गोडा राखेर उभिएका छन् । जसको कारण कांग्रेस अटेरी गरिरहेको छ भने प्रचण्ड बिच्केलान् भनेर ओली डराएका छन् । सत्ता लम्ब्याउने र राज्यको ढुकुटी रित्याउने खेलमा देउवा सरकार तल्लीन छ । पुराना दल र पुरानै नेताबाट नयाँ सरकारको अपेक्षा गर्नु नै गलत थियो । त्यही कारण पुरानै खेल जारी छ। सामूहिक रूपमा बिरामी हुने, होटलमा थुनिने, अपहरण हुने पुराना घृणित खेल यिनै नेता र दलले खेलेको जगजाहेर छ । उनीहरूबाट अर्थोक अपेक्षा गर्नै सकिन्नथ्यो ।

## माओवादी केन्द्रमा ...

मोटो रकम बुझाउनेबाहेक कुनै अवसर नपाउनेसमेत बताएका छन् । पार्टीमा रहेर सक्रियतापूर्वक काम गर्ने क्रियाशील सहिद परिवारलाई पार्टीले अपमान गरेको पनि उनको ठहर छ।

माओवादी केन्द्रले समानुपातिकतर्फको कोटामा प्रदेश नं. ३ बाट नेता झक्कु सुवेदीकी छोरी भावना सुवेदीलाई प्रदेशसभा सदस्यमा छनौट गरेको छ। यस्तै, नेताहरू महेश्वर दाहालकी श्रीमती सीता अधिकारी, दिलिप प्रजापतिकी श्रीमती प्रतिमा श्रेष्ठ पनि समानुपातिकको सूचीमा परेका छन् । यस्तै, प्रचण्डका नजिकका मानिने पूर्व विद्यार्थी नेता रामदीप आचार्यकी श्रीमती कृष्णा शाह र माओवादी नेता एवं पूर्व सभासद् नरबहादुर बिष्टकी श्रीमती पुष्पा घर्ती पनि समानुपातिकको सूचीमा छन् । यस्तै, रुकुममा माओवादी नेता जनार्दन शर्माकी बुहारी विमला केसी शर्मा पनि समानुपातिकमा परेकी छिन् ।


यसरी समानुपातिकको सूचीमा आफन्त र मोटो रकम बुझाउनेहरू प्राथमिकतामा परेपछि माओवादी केन्द्रका विभिन्न तहका नेता कार्यकर्ताहरू निरास हुँदै असन्तुष्टि पोखिरहेका छन् ।

## सीजीका मजदुर ...

पारिश्रमिक १८ हजार हुनुपर्ने, मजदुरलाई नियुक्तिपत्र दिनुपर्ने, एक महिना कार्यविधि पूरा गरेकालाई स्थायी गर्नुपर्ने, सरकारद्वारा व्यवस्था गरिएका सबै बिदा र सुविधा मजदुरले पनि पाउनुपर्ने, सञ्चय कोषको व्यवस्था हुनुपर्ने, दुर्घटना बिमा १० लाख हुनुपर्ने, दैनिक ८ घण्टाभन्दा बढी श्रम गर्न बाध्य नपार्नुपर्ने, अतिरिक्त श्रम स्वेच्छिक हुनुपर्ने र पारिश्रमिक दोब्बर हुनुपर्ने, मई दिवसमा दिने गरिएको सरकारी बिदा लागू गर्नुपर्नेलगायत थिए। असोज १३ गतेसम्म माग सम्बोधन नभए आत्मरक्षाका लागि हड्तालमा उत्रन बाध्य हुने चेतावनी दिइएको थियो ।

त्यसपछि झण्डै ३ महिना मजदुरहरू सङ्घर्षमा रहे भने उद्योग व्यवस्थापनले आन्दोलनमा फुट पैदा गर्ने र मजदुर नेताहरूलाई प्रलोभनमा पार्ने, धम्की दिने गर्न थाल्यो तर मजदुर आन्दोलनले झन् सङ्गठित र संयुक्त स्वरूप ग्रहण गरेपछि पुस ५ गते व्यवस्थापन पक्षले हड्ताली मजदुर सङ्गठनसँग वार्ताको औपचारिक आह्वान गऱ्यो । पुस १२ गते मजदुरले पत्रकार सम्मेलन गरी संयुक्त आन्दोलनको चेतावनी दिएका थिए । त्यसै दिनदेखि मजदुरहरू आम हड्तालमा उत्रिएका थिए।

उद्योग पूर्णतः बन्द भएको ४ दिनपछि पुस १५ गते मजदुर सङ्गठनका प्रतिनिधिहरू कृष्णप्रसाद ज्ञवाली, विजय खत्री, सुनिद सेन, पुष्पा पौडेल, रमेश विक र लिलाधर सोनी, व्यवस्थापनको तर्फबाट रामकाजी सिटौला, कुमारसिंह बस्नेत र तुलसीराम रेग्मी सहभागी थिए। बाँसगढीस्थित उद्योगको सेमीनार कक्षमा सम्पन्न सो वार्तामा अनेक्रा औद्योगिक मजदुर संघका भेरी संयोजक भीम अधिकारीसहित मजदुर नेताहरू वार्तामा सहभागी थिए। सो वार्तामा चौधरी समूहको नवलपुर, दुम्कौलीस्थित चौधरी ग्रुपको उद्योगबाट समेत प्रतिनिधिहरू उपस्थित थिए । मजदुरको पक्षमा निगरानी गरिरहेको नेकपा बर्दियाको जिल्ला इञ्चार्ज देवकला अधिकारीले मजदुरलाई धोका दिने, माग पूरा नगर्ने, गरे पार्टीले हस्तक्षेप गर्न बाध्य हुने बताएकी छन् । त्रिपक्षीय वार्ताले १६ गतेदेखि कारखाना सुचारु गर्ने र माघ १ गतेभित्र मजदुरका माग पूरा गर्नेलगायत सहमति भएको छ।

आरामदायी यात्राको लागि
हिमाल तराई यातायात सेवा
बस, सुमो तथा हाइस

सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिचैंया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप।
सम्पर्क : ९८४११०६९६७, ९८४४०३१५९

## चुनाव खारेज ...

कम्तीमा पनि पुँजीवादका विरुद्ध क्रान्ति र सङ्घर्षमा रहिरहेका कम्युनिस्टहरूलाई एउटै मञ्चमा ल्याउन सक्दा शक्ति प्राप्त हुन्छ भन्नेमा हामी छौं । विभिन्न देशका माओवादी पार्टीहरूसँग त हाम्रो संवाद चली नै रहेको छ । दिन प्रतिदिन विस्फोटक बन्दै गएको विश्व राजनीतिक अन्तर्विरोधहरूले कम्युनिस्टहरूलाई सहकार्यमा आउने वातावरण बन्दै जानेछ।

» ***प्यालेस्टिन–इजरायल तनाव र जेरुसेलमलाई इजरायलको राजधानी स्वीकार्ने अमेरिकी निर्णयलाई कसरी लिनुभएको छ ?***

जेरुसेलम प्यालेस्टाइनको भूभाग हो भन्नेमा विश्व समुदाय एकमत छ। सम्भवतः अमेरिकी नागरिकहरू पनि यसै पक्षमा छन् । जहाँसम्म इजरायलले कब्जा गरेको प्रश्न छ यो सही छैन भन्नेमा पनि विश्व एक छ । हालै बसेको संयुक्त राष्ट्रसङ्घको महसभाले अमेरिकी धम्कीलाई बेवास्ता गर्दै अत्यधिक वहुमतले अमेरिकी प्रस्ताव अस्वीकार गऱ्यो । कब्जालाई विवादित भन्न पनि मिल्दैन, यो जसको हो उसैको हुनुपर्छ । अनौठो घटना ! अमेरिकाले इजरायलको राजधानी घोषणा गरिदिने मूर्खतापूर्ण कार्य गरेको छ। एउटा देशको राजधानी अर्कोले तोकिदिने ! योजस्तो बलमिच्याइँ अरू के हुनसक्छ ? सायद इजरायलले समेत कम सोचेको निर्णय होलाजस्तो लाग्छ । अमेरिकी यो निर्णयले विश्व पुँजीवादको नयाँ चरित्र र अन्तर्विरोधलाई प्रकट गर्छ । हामीले यसै भएर आजको पुँजीवादलाई साम्राज्यवाद–उत्तरसाम्राज्यवाद भन्ने निर्णय गरेका छौं । यो अति र चरम रूपमा व्यक्त भइरहेको छ। सम्भवतः यो निर्णय विश्वलाई आफ्नो दबाबमा राख्ने नियतसँग जोडिएको छ। हाम्रो विचारमा अमेरिका यो निर्णयबाट पछि फर्किनुपर्छ र विश्वले यसको सही जबाफ दिनुपर्छ।

» ***अमेरिकाले जनगणतन्त्र कोरिया (उत्तरकोरिया) सँग निःसर्त वार्ताको प्रस्ताव गरेको सन्दर्भ आएको छ । के अमेरिका गल्दै गएको हो कोरियासँग ?***

विषय ठिकै भन्नुभयो तर उत्तरकोरियासँग अमेरिका गलिसक्यो पनि नभनौं । कुरा के सत्य हो भने प्रतिरोध, स्वाधीनता र प्रगतिसहितको आत्मरक्षा भन्ने दृष्टिकोण नै पुँजीवादसँगको प्रतिस्पर्धामा वैज्ञानिक र वस्तुवादी दृष्टिकोण हो। उत्तरकोरिया यसैको नमुना हो। जहाँ प्रतिरोध र स्वाभिमान छ त्यहाँ मात्र रक्षा र उन्नति सम्भव छ । जहाँ आत्मसमर्पण र दलालीगिरी हुन्छ त्यसको पतन र विनाश अनिवार्य छ। उत्तरकोरियाले पुँजीवादलाई परास्त गर्दैनथ्यो र वैज्ञानिक समाजवादी मार्ग पकड्दैनथ्यो भने, कोरियाले अमेरिकाविरुद्ध प्रतिरोधको बाटो लिँदैनथ्यो भने उत्तरकोरियाको हालत पूर्वी जर्मनीकै जस्तो हुन्थ्यो । तर उत्तरकोरियाले सही बाटो लिएपछि अमेरिका पछि हट्न बाध्य भएको छ। अमेरिकाले निःसर्त वार्ताको प्रस्ताव गरेको कुरा हामीले पनि पायौं । संयुक्त राष्ट्रसङ्घले पनि वार्ता गर्ने भन्यो । यसभित्र अमेरिकाका अनेकौं दाउ भए पनि उत्तरकोरिया र उत्तरकोरियाली जनताको एक तहको विजय हो । यसले उत्तरकोरियालाई मिच्न वा हमला गर्न सजिलो छैन भन्ने प्रस्ट सन्देश गएको छ। यसो त यो उत्तरकोरियाको मात्र विषय नभएर विश्व जनमतको अभिव्यक्ति पनि हो।

» ***अरु केही?***

नेपालको पेचिलो तर क्रान्तिको सम्भावनायुक्त समयमा हाम्रो दृष्टिकोण राख्ने मौका दिएकोमा रातो–खबरलाई धेरै धेरै धन्यवाद।

## असफलताको चाङ ...

सरकारले (सेना, सशस्त्र प्रहरी, प्रहरी, म्यादी प्रहरी र राष्ट्रिय अनुसन्धान) गरी झन्डै ३ लाख सुरक्षाकर्मी परिचालन गरेको कुरा बारम्बार भनिरहेको थियो। तर, देशभर उम्मेद्वार केन्द्रित बम विस्फोटनका घटनाहरू चुनावकै दिनसम्म रोकिएन । १ जना म्यादी प्रहरी चौधरीको ज्यान गयो । दर्जनौं उम्मेद्वारको घर र गाडीमा बम पड्कियो भने देशभरका दर्जनौं चुनावीसभामा विस्फोटनका घटनाहरू भए । कैयौं उम्मेद्वार र सर्वसाधारणहरू घाइते बने। देशभरका सयौं स्थानमा बेवारिसे बमहरू फेला परे । गृह मन्त्रालय र सुरक्षा निकायले जति नै सुरक्षा व्यवस्था कडा भने पनि विशेषतः दलाल, भ्रष्ट, तस्कर उम्मेद्वारहरू र तिनका आसेपासेहरूका लागि यो चुनाव निकै त्रस्त, भयभीत र आतङ्कित बन्न पुग्यो।

२०७४ मंसिर १९ गते वर्ष २५ अंक २८५ कान्तिपुर दैनिकले 'कहाँ चुके सुरक्षा निकाय ?' भन्ने मुख्य ब्यानरमा समाचार छाप्यो। सुरक्षानिकाय चुक्नुमा ७ वटा कारण देखाइएको छ। एक, गुप्तचर संयन्त्र फितलो हुनु। दुई, सुरक्षा निकायको समन्वय कमजोर हुनु। तीन, पहिलो चरणमा धेरै सुरक्षाकर्मी उपत्यका बाहिर खटाइनु। चार, जाँच र खानतलासी प्रभावकारी नहुनु। पाँच, विस्फोटक पदार्थ पहिलेदेखि नै काठमाण्डौमा हुनु । छ, विस्फोटनमा भाडाका अपराधी प्रयोग हुनु । सात, विप्लव समूहलाई हेर्ने प्रस्ट सरकारी दृष्टिकोण नहुनु आदि। यो निष्कर्ष गृह मन्त्रालय र सुरक्षा निकायको उपल्लो तहको हो।

माथिको निस्कर्षमाथि धेरै घोत्लिनुपर्छ जस्तो लाग्दैन। सुरक्षा निकायको असफलता गलत सुरक्षा नीतिका कारणले गर्दा हो। त्यो नीतिको बागडोर सरकार संचालकहरूको हातमा थियो । निर्वाचन सुरक्षामा यसप्रकारको परिणाम आउनु निम्न कारणहरू हुन् । पहिलो, सुरक्षा निकायहरूमा राष्ट्रभक्त/देशभक्तिको भावना प्रवल हुनु र यो चुनावले उनीहरूको मन नछुनु । दोश्रो, यो दलाल संसदीय व्यवस्थाले गरेका राष्ट्र र जनविरोधी गतिविधिबाट सुरक्षा निकाय वाक्क/दिक्क हुनु। तेश्रो, यी राष्ट्रघाती, जनघाती, भ्रष्टाचारी उम्मेद्वारलाई जिताएर के हुन्छ ? भन्ने भावना परिवेशले बन्न जानु । चौथो, वर्तमान राज्यसत्ताले लादेको उत्पीडनले घरपरिवार र सामाजिक जीवन भताभुङ्ग बनेको अवस्थाले यो व्यवस्थाप्रति वितृष्णा जाग्नु । पाँचौं, आफूलाई ठूला भन्ने संसद्वादी दलहरूको आपसी अन्तर्विरोधको उत्पीडनमा पर्नु । छैठौं, वर्तमान समस्या राजनीतिक भएकाले यसको समाधान पनि राजनीतिक ढंगले गरिनुपर्दछ भन्ने मान्यता सुरक्षा निकायमा बलियो देखिनु । सातौं, सरकारमा बसेका संसद्वादी दलले मुलुकमा जबर्जस्त युद्ध थोपर्ने रणनीति मन नपर्नु । आठौं, २४ सै घन्टा राष्ट्रसेवामा रहेका सुरक्षाकर्मीहरूलाई उचित सेवा/सुविधाबाट बञ्चित गरिनु रहेका छन। किनकि, सुरक्षानिकायमा अधिकांश हिस्सा किसान, मजदुर र श्रमिकका छोरा/छोरी छन् । र, सुरक्षा निकायभित्रैका केही सम्भ्रान्तवर्गको रवैया, भ्रष्टाचारले हैरान बनेका छन्। यी सबै समस्याको केन्द्रमा वर्तमान दलाल संसदीय सत्ता र त्यसको राजनीतिक कारण मुख्य आधार बन्न पुगेको हो।

### ५. असफलताको चाङभित्र लुकेको नेपाली सम्भावना

भनिन्छ, हरेक असफलताले सफलताको पाठ सिकाउँछ । आज विश्वका आर्थिक सम्पन्नता भएका मुलुकहरूको इतिहास हेर्दा पनि निकै संकटग्रस्त अवस्थाबाट माथि उठेको पाइन्छ । ती देशहरू आ-आफ्नै सापेक्षताका समस्याहरूमा जकडिएका थिए। चीन सन् १९४९ सम्म विभिन्न साम्राज्यवादी देशहरूको रजाइँस्थल बनेको थियो, त्यही चीन आज आर्थिक सम्पन्नताको शिखरमा छ। अमेरिकाले आफ्नो अर्थतन्त्रलाई यो अवस्थासम्म पुऱ्याउन निकै ठूलो टिकडम गरिरहेको छ। जापान दोश्रो विश्वयुद्धमा हारसहित अर्थतन्त्रमा निकै ठूलो तहस/नहस भयो तर उसले ती शिक्षालाई सही ढंगले सदुपयोग गर्दै आफ्नो समृद्धिलाई विश्वसामु टिकाइराख्न सक्यो । ठूलो अन्तर्द्वन्द्वबाट गुज्रँदै आएको जर्मनी आफ्नो आर्थिक समृद्धिका लागि निकै ठूलो कष्ट व्यहोरेको देखिन्छ । २०० भन्दा धेरै राज्यलाई एकताबद्ध गराउँदै, पूर्वी र पश्चिम जर्मनीका समस्यालाई समाधान गर्दै एकताबद्ध बनेर उसले विश्वसामु आर्थिक शिर ठाडो बनाउन सफल भएको हो। फ्रान्स, ब्राजिल, इटाली, रसिया, क्यानडा, अस्ट्रेलिया आदि देशहरू पनि धेरै असफलताहरूका बीच यो अवस्थासम्म आइपुगेका हुन्। सन् १९४७ सम्म बेलायत, जापानजस्ता देशहरूको उपनिवेशमा रहेको हाम्रै छिमेकी मुलुक भारतले अहिले विश्व आर्थिक बजारमाथि नै फड्को मारिसकेको छ।

भूगोलको हिसाबले १९० औं र जनसंख्याको हिसाबले ११६ औं स्थानमा रहेको सिंगापुरलाई तत्कालीन प्रधानमन्त्री लि क्वान यूको पहलबाट सन् १९५९ सम्म प्रतिव्यक्ति आय ४ सयबाट आज प्रतिव्यक्ति आय ५३ हजार डलरसम्म पुऱ्याउन सफल बने । जम्मा ५ लाख ३७ हजार जनसंख्या भएको लक्जम्वर्गले १,०३११६ प्रतिव्यक्ति आम्दानी गरेर विश्वमा प्रथम मुलुक बन्न सफल बनेको छ। भौगोलिक हिसाबले ४१,२२४ किमीसहित विश्वमा १३५ स्थानमा रहेको स्वीजरल्यान्ड ७९,२४२ सहित दोश्रो, नर्वे ७०,३९२ सहित प्रतिव्यक्ति आम्दानीका हिसाबले विश्वमा तेश्रो, ६७,०७९ प्रतिव्यक्ति आम्दानीसहित मकाउ चौथो, आइसल्यान्ड ६२,५६२ सहित पाँचौं र जनसंख्याको हिसाबले १९,७४००० भई विश्वको १४८ औं स्थानमा रहेको कतार ६०,७८७ प्रतिव्यक्ति आम्दानीसहित विश्वको छैठौं मुलुक बन्न सफल बनेको छ । ती मुलुकहरूले पनि आ-आफ्नै प्रकारका समस्याबाट माथि उठेको हो । विश्वस्तरमा देखिएका यी आर्थिक समृद्धिलाई हेर्दा हाम्रो देशको आजसम्म आर्थिक/राजनीतिक असफलताको चाङभित्र निकै ठूलो सम्भावना बोकेको अवस्था विद्यमान छ। यति धेरै श्रोत/साधन भएको सुन्दर देश हाम्रो प्रतिव्यक्ति आम्दानीका हिसाबले वार्षिक जम्मा ७३३ सहित विश्वमा १७९ नम्बरमा रहेको छ। यो हुनुमा नेपालको सत्ताधारीहरूले नेपालको श्रोत-साधनहरूलाई कौडीको मूल्यमा बेचेर आफ्नो पेट भर्ने परम्पराले गर्दा नै हो। जलश्रोतमा विश्वको दोश्रो ठूलो देश हाम्रै हो । पर्यटन र जडीबुटी नेपालको अर्को महत्वपूर्ण श्रोत हो । अनेकौं श्रोत-साधनहरूको सम्भावना बोकेको हाम्रो देशलाई भीखमङ्गा र गरिब मुलुकको सूचीमा पुऱ्याइएको छ । यो अवस्थाबाट मुक्त हुन हामीले नै हरेक सम्भावनाका बाटोलाई खोजी गर्नुपर्ने हुन्छ।

हालै सम्पन्न भएको भनिएको कथित चुनावसम्म आउँदा दलाल संसदीय व्यवस्था पूर्णतः असफल बनेको छ । नेपालमा हाल देखिएका आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक समस्याको जग वर्तमान दलाल पुँजीवादी संसदीय व्यवस्था नै हो। उत्पीडकहरूको स्वार्थसिद्ध गर्ने लुटको व्यवस्था हो यो । यो व्यवस्था रहेसम्म राजनीतिक समानता, शान्ति, समृद्धि र राष्ट्रिय स्वाधीनताको रक्षा हुन सक्दैन। त्यसैले यो व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्था ल्याउन अनिवार्य छ । अब सम्पूर्ण उत्पीडित वर्ग, क्षेत्र, लिङ्गका जनसमुदाय एकताबद्ध हुँदै वैज्ञानिक समाजवादका लागि गोलबन्द बन्नुपर्दछ । नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा सबै राष्ट्रभक्त तथा देशभक्तहरू, किसान, मजदुर, विद्यार्थी, वकिल, बुद्धिजीवी, कर्मचारी, सुरक्षा निकाय, मध्यमवर्गका जनसमुदाय एकताबद्ध हुनुपर्दछ। एकीकृत जनक्रान्तिको बाटोबाट वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्ने अभियानमा लामबद्ध हुनुपर्दछ । अन्याय र उत्पीडनले नै विद्रोहको जन्म दिन्छ। विद्रोहले क्रान्तिको शङ्खघोष गर्दछ। वर्तमान दलाल संसदीय व्यवस्थाले पैदा गरेको असफलताको चाङभित्र लुकेको नेपालीक्रान्तिको सम्भावनालाई आत्मसात गरौं। वैज्ञानिक समाजवाद स्थापना गर्ने गौरवपूर्ण यात्राको प्रारम्भ गर्दै, एकीकृत जनक्रान्तिको आँधीबेहरी सिर्जना गरौं।

## कराँचीदेखि ...

जीवनमा अविस्मरणीय घटना भयो।

भीड कम हुँदा झमक्क साँझ भइसकेको थियो । राल्फ रोएवेले स्नेसनको कुनातिर इङ्गित गर्दै यसभन्दा अगाडि आउँदा पनि मैनटोलको मधुरो प्रकाशमा केही मान्छे त्यसरी नै पढ्दै थिए भन्ने दृश्य देखाए । एकजना हिन्दु सम्प्रदायको व्यक्तिले उनीहरूलाई पढाइरहेका थिए। त्यसप्रकारको दृश्यले द्रवीभूत भएका राल्फले दिल्ली उच्च अधिकारीलाई भनेर स्टेसनमा ठूलो बत्ती राख्न लगाएका थिए । निरक्षरता हटाउन केही गर्नैपर्छ भनेर उनले चिट्ठीसमेत लेखेका थिए।

त्यसदिन लोएवेको निवासमा हामी अबेरसम्म छलफल गरेर बस्यौं । बिहान २ बजेसम्म निद्रा लागेन । हामीले कहिले शान्ति र कहिले युद्धको विषयमा कुराकानी गर्दा गर्दै रात ढल्केको थाहै पाएनौं । हामीले सनफ्रान्सिस्कोमा के भइरहेको छ भन्नेबारेमा पनि छलफल गऱ्यौं । कहिले हामी संयुक्त राष्ट्रसंघको मुख्यालय कहाँ रहँला भनेर कुरा गरिरहेका हुन्थ्यौं । बर्लिनमा हिटलरको लास रुसीहरूले बरामद गरेको चर्चा साँच्चै होला त ? के विश्वयुद्ध चलिरहँला त ? के अब हामी रुससँग मिलेर लडाइँ लडिरहन्छौं । अब जमाना साँच्चिकै शान्तिको याचना गरिरहेको छ त ? अमेरिका, ब्रिटेन र अस्ट्रेलियाका फौज भारतमा के गरेर बसिरहेका छन् ? यति धेरै फौज भारतमा किन तैनाथ छन् ?

यी विषयहरू तन्किने-खुम्चने भइरहन्थे । नयाँ दिल्लीमा अमेरिकी जनसम्पर्क कार्यालयका इन्चार्ज कर्णेलले मलाई कोठाबाहिर जान संकेत गरे । उनले मलाई बिहानसम्म बाहिरै रहन भनेका थिए। उसको आदेश मलाई अपमानित र आरोपित गर्ने खालको थियो तर भारतमा मेरो कोहीसँग कुनै सम्बन्ध थिएन । मैले यसलाई म कुनै भगवानको निर्देशन र आदेशमा यहाँ आएको होइन र निकृष्ट हाकिमसँग कसरी व्यवहार गर्नुपर्छ भन्ने मलाई राम्ररी थाहा छ । त्यसैले मैले कोसँग कुरा गर्ने, कोसँग नगर्ने सिकाउनुपर्दैन, भनिदिएँ । तीन दिनमा म आफ्नो धैर्यता चाँडै गुमाउने गर्थें । म जे चाहन्छु त्यही गर्छु, तिमीहरूले भनेको गर्दिनँ भनिदिएँ तर मैले गर्न सक्ने के थियो त ? म केवल लेख्न सक्थें।

त्यसपछि कर्णेल थोरै नरम भयो। उसले मलाई 'आमकक्ष' मा भाषण गर्ने अनुमति दियो । जब कि अझसम्म रोकिराखेको थियो । सभामा भाग लिन २ सय मान्छेहरू जम्मा भइसकेका थिए । मेरो मन्तव्य सकिएपछि पनि घन्टौं छलफल चलिरहेको थियो । छलफलमा कैयौं ब्रिटिस नागरिक पनि थिए। अघिल्लो दिन मैले पत्नी बेट्टीलाई एकदमै दुःखी र आक्रोशित भएर पत्र लेखेको थिएँ । म यहाँ के गरिरहेको छु ? केवल यताउता भौंतारिरहेको छु। म यस्तो प्रवचन दिन्थें श्रोताहरूबाट त्यत्ति धेरै प्रतिक्रिया पाउन्नथें । यहाँ लडाइँ सुरु भइसकेको थिएन । युद्धको समयमा विचित्र खालको एकता हुनेगर्छ।

उत्तर अफ्रिका पुगेदेखि नै मैले गरिबी र दरिद्रता देखेको थिएँ। जहाँ हजारौं अमेरिकी सैनिक थिए। उनीहरूको कुनै काम थिएन। पाशा खेलेका जुवाडे जस्ता लाग्थे । आफ्नी पत्नीबाट हजारौं माइल टाढा वर्षौं रहँदा पनि अमेरिकी फौजमा खुसी देखिन्थे। म चाहिँ यहाँ के गर्दैछु त ? वास्तवमा म निकै महत्वपूर्ण काम गर्दै थिएँ। त्यो त्यस्तो काम गरिरहेको थिएँ, जुन औसत लेखकहरू गर्छन्। केही हेर्दै थिएँ, अनुभव बटुल्दै थिएँ। ज्ञान आर्जन गर्दै थिएँ। (क्रमशः)

भाषान्तरण : **अनिल शर्मा**
स्रोत : **फिलहाल,** अगस्त २०१७, वर्ष १९, अंक १५-१६

## दोलखामा ...

पार्टीको सहायक जनवर्गीय संगठन रास्ट्रिय युवा जनस्वयंसेवकमा प्रवेश गरेका छन्।

जिल्लामा आज एक पार्टी प्रवेश तथा प्रशिक्षण कार्यक्रमको आयोजना गरी रास्ट्रिय युवा जनस्वयंसेवक दोलखाका अध्यक्ष तथा नेकपा जिल्ला सचिवालय सदस्य क. शोम पाखिनले विद्रोह गरी एकीकृत जनक्रान्तिको कार्यदिशासँग सहमत हुन आउनुहुने विद्यार्थी र युवालाई स्वागत गर्नुभएको छ भने माओवादी केन्द्र निकट विद्यार्थीहरू, अध्यक्ष विशाल जिरेल, सचिव विराज खत्री, कोषाध्यक्ष बाबुराम किराँती एवम् सदस्य कमल जिरेल लगायत १७ जनाले माओवादी केन्द्र परित्याग गरेको अध्यक्ष जिरेलले बताएका छन्। विद्रोही युवाहरूलाई बिनासर्त सम्बन्धित क्षेत्रमा राजनीतिक तथा सांगठनिक जिम्मेवारी दिने निर्णय नेपाल कम्युनिस्ट पार्टी, जिल्ला संगठन समिति दोलखाले जनाएको छ। उक्त कार्यक्रममा नेकपा जिल्ला संगठन समिति दोलखा, भीमेस्वर नगर सेक्रेटरी क. सरोज र क. भरतलगायत जिल्ला नेतृत्वहरूको समेत सहभागिता रहेको थियो । कार्यक्रममा नेकपा जिल्ला पार्टी र सम्बन्धित जनवर्गीय घटकहरूका आगामी कार्यक्रम र चुनौती विषयक छलफल भएको थियो।

मालपोत कार्यालय, कास्कीको जानकारी

**घरजग्गा लिने दिनेले ध्यान दिनुपर्ने कुराहरु :**

- सडक, बाटो सम्बन्धमा नक्सा र फिल्ड अवस्थावारे स्पष्ट गर्ने,
- कारोबार मूल्य सम्बन्धमा स्वयं लिने र दिनेले एकिन गर्ने, रोक्का तथा जग्गा खिचलो बारेमा स्वयम् लिने र दिने स्पष्ट हुने,
- रैकर, गुठी अधिनस्थ आदि जग्गाको प्रकार बारेमा एकिन गर्ने,
- अंशियार हकवाला मोहीको सम्बन्धमा बुझी लिखतमा साक्षी राख्नुपर्ने अवस्थामा लिखत पारित गर्दा नै साक्षी राख्ने व्यवस्था गर्ने,
- घर टहरा भएकोमा सोको स्वामित्व हस्तान्तरण हुने भएमा लिखतमा खुलाउनु पर्ने,
- लिखत रजिष्ट्रेशन भई सकेपछि संशोधन गर्न नमिल्ने हुँदा पारित हुनु अगाबै स्वामित्व प्राप्त गर्नेले सो अचल सम्पत्तिको कानूनी हैसियत सम्बन्धमा एकिन गरी मात्र पारित गर्नुपर्छ।

**पुनश्च** : कास्की जिल्लाका सबै गाउँपालिकाहरु तथा महानगरपालिकामा अनलाइन (Online) सेवा समेत सूचारु भएको जानकारी गराइन्छ।

**मालपोत कार्यालय, कास्की**
फोन नं.: ०६१-४६२०८७, ४६४५५१

नियमित

# लमजुङ, बिचौरमा पुष्पलाल

२०१३/१४ सालतिर ने.क.पा. का संस्थापक महासचिव क. पुष्पलालको पश्चिम नेपाल गण्डक क्षेत्र गोरखा, तनहुँ, लमजुङ, कास्कीको भ्रमणको क्रममा लमजुङमा उहाँको उपस्थितिमा क. पीताम्बर शर्मा (जोशी) को संयोजकत्वमा ९ जनाको पार्टी समिति स्थापना भएको थियो। त्यसले २०१७ सालसम्म काम गर्दै थियो। २०१७ सालमा महेन्द्रले सत्ता आफ्नो हातमा लिई निरंकुश शासन लागू गरेपछि त्यो पार्टी निस्क्रिय भै विघटन जस्तै भयो। ९ जनामध्ये ५ जना चितवन, १ जना पोखरा र ३ जना बेसीसहरका थिए।


स्थानेश्वर दवाडी

२०२९ सालमा संस्थापक नेता पुष्पलालको पार्टीको राजनीतिक विचारधारा मुताविक लमजुङ पूर्वीभेग विचौरमा स्थानेश्वर दवाडीको संयोजकत्वमा ६ जनाको पार्टी समिति गठन गरियो। पछि ६ जनामध्येका इश्वरी प्रसाद न्यौपानेको सक्रियतामा मोहन विक्रम नेतृत्वको नेकपा (मसाल) को संगत लमजुङ भर फैलियो। त्यसपछि नेकपा (माले) र नेकपा (एमाले) को पनि सशक्त रुपमा विस्तार भयो। २०७४ सालको संसदीय चुनाव सबै क्षेत्रमा वाम गठबन्धन विजय भयो।

२०५० सालतिर थोरै कांग्रेस र दुई तिहाइ एमाले समर्थक कम्युनिस्ट कार्यकर्ता १२/१३ जनाको सेयर उठाई, ल्याण्ड स्टार इङ्गलिस वोर्डिङ्ग स्कूल स्थापना गरे । सबै शेयरवालाले उठाइएको रकमबाट शिखरनाथ दवाडी (स्थानेश्वर को पिता) संग अनदाजी २ रोपनी जमिन किनियो र स्कूल स्विकृत नभएकाले तत्काललाई गोकुल दवाडी र कमल प्रसाद दवाडीको नाममा जमिन नामसारी भै लाल पुर्जा लिएपछि गएर सरकारबाट स्कूल स्विकृत भयो। १२/१३ जना शेयरवालामध्ये शिखरनाथ दवाडी (दिवंगत) पनि पर्दछन्।



२०५४/५५ तिर माओवादीको बढ्दो प्रभाव र सरकारी दमनका कारण विद्यालय सञ्चालन गर्न नसकेकोले वोर्डिङ्ग स्कूल बन्द भएको थियो । विद्यालय, फेरी सञ्चालन हुने नदेखिएपछि स्थानेश्वर दवाडीको शेयरवाला कांग्रेस समेत सबै एमाले कार्यकर्तासँग त्यो जमिन, लम्जुङ जिल्ला, विचौरमा नै स्थापना भएकाले पुष्पलाल प्रतिष्ठान स्थापना गरौं भनी सबैसँग लालपुर्जावाला गोकुलप्रसाद दवाडी र कमलप्रसाद दवाडीसँग समेत सहमति भएको थियो। शेयरवालाहरु कोहि विचौर, कोहि काठमाडौं र विचौरमा भएकाले समिति गठन गर्न ढिलाइ भएको थियो।

वेशिसहरमा एमाले समर्थक प्रिन्सिपल ईश्वर पौड्याल, रामबाबु पौड्याल नाम थाहा नभएको पुगेश्वर पौड्यालका छोरासमेत ७ जनाले वोर्डिङ्ग स्कूल खोल्न सुरु गरेका तर सरकारले स्विकृती नदिएकाले अलमलमा परेका बेला विचौर घर भै तत्काल एमालेको कुरा ती व्यक्तिहरुसँग बताई निजकै सक्रियतामा २ पक्षका समिति र (लालपुर्जावाला) लाई मिलाई गोकुलप्रसाद छोरा राहुलवादी रुपनारायण छोरा मनोज न्यौपनेको नाममा २ सेयर खाने र कमिसन खाने वन्दोवस्त गरी विचौरकै बोर्डिङ्ग स्कूल वेसिसहरको समिति (बोर्डिङ्गलाई विक्रि गरियो। यी दुई थरीलाई मिलाइ सेयर विक्री गराइ कमिसन खानेसँग मैले तीसँग तिमी कम्युनिस्ट एमालका जिल्लाका नेता, हँसिया र हथौडा र पुष्पलालको फोटो तिम्रो पार्टी मुख्यालयमा देखिन्छ । यो जमिनमा नाममा सरकारी रकम, विदेशी रकम र पुँजीपतिसंग चन्दा उठाई पेट भर्ने काम भयो।

त्यसै कारणले २०७४ साल मङ्सिर १० गते विहान ८ बजेको समयमा हँसिया हथौडाको रातो झण्डा र त्यहि वाँसको लिङ्गोमा, (पुष्पलाल प्रतिष्ठान, विचौर लमजुङ नेपाल कमयुनिस्ट पार्टी (विप्लव) भन्ने सानो वोर्ड झुण्ड्याइयो । झण्डा गाड्नेमा सक्रियता नेपाल कम्युनिस्ट पार्टीका स्थानीय समाजसेवी स्थानेश्वर दवाडी हुनुहुन्छ।

२०५४ सालमै बन्द रहेको उक्त विद्यालयअझसम्म बन्द अवस्थामा छ । विद्यालयको सेयरकेही व्यक्तिले एकलौटी खाएका हुनाले दोषीउपर जनकारबाहीका लागि जनअदालतमा मुद्दा दायर गर्ने तयारी गरेको एकजना पीडित सेयर धनीले बताएका छन् । जग्गाका हकवाला बिचौर निवासी थानेश्वर दवाडी, नेकपाका स्थानीय कार्यकर्ता केशव दवाडीलगायतको टोलीले मङ्सिर १० गते उक्त जग्गामा टिनको फलेक र झन्डा गाडेर नेकपाका संस्थापक अध्यक्ष पुष्पलालको स्मृति स्थल बनाउने घोषणा गरेका हुन् । उक्त जग्गालाई सार्वजनिक हितमा प्रयोग गरिने स्थानीय केशव दवाडीले बताएका छन्।

यो झण्डा र बोर्ड टाँगिएपछि स्थानीय एमाले कांग्रेसका कार्यकर्ता मिली क.केशव दवाडी र स्थानेश्वर दवाडीको पुष्पलाल प्रतिष्ठान स्थापना गर्ने सबै मन्जुर हुँदाहुँदै किन यसो गरेको भन्दा व्यक्तिको नाममा पुर्जा छ, उनीहरुले गरे के भयो त भन्ने जवाफ दियो।

यीनै व्यक्ति (जिल्ला सदस्य एमाले) को नेताले लाल पुर्जा वाला गोकुल प्रसाद समेतलाई त्यही वोर्डिङ्गको जमिनमा वृद्धाश्रम (एनजिओ/आइएनजीओ) खोल्ने र सरकारले स्थानिय वजेटमध्ये रु दुईलाख छुट्याउन लगाइयो । बृद्धाश्रमको नाममा विप्लवका आतङ्ककारीहरुले अर्काको जमिनमा झण्डा र वोर्ड टाँगिएकाले निजहरुलाई तुरुन्त पक्राउ गरी ठाडो कारवाइ गरिपाउँ भनी जिल्ला प्रसासनमा उजुरी गरेछन्। जिल्ला डि.एस.पी.ले विचौर प्रहरी चौकीमा कुरा के हो बुझी रिपोर्ट गर्नु भन्ने भएछ र स्थानीय चौकी इन्चार्जले मसँग सोधनी गरे। मैले माथिको सबै कुरा बताइ दिएँ पछि उनीले पुष्पलाल एक विभुती हुन् कुरा ठिकै रहेछ भनेका थिए।

# सेनाद्वारा नागरिक बेपत्ता



■ **रातो खबर संवाददाता**/काठमाडौं

कुनै समय तत्कालीन शाही सेनामा काम गरेका र जनयुद्धको समयमा हतियारसहित जनमुक्ति सेनामा समावेश भएका झलकुमार भगतलाई १२ वर्षपछि नेपाली सेनाले नियन्त्रणमा लिई बेपत्ता पारेको छ। २०६२ साउन ४ गते भगतले शाही सेनाबाट विद्रोह गरेका थिए। एकातिर प्रचण्ड र अर्कोतिर ज्ञानेन्द्रले दुईथरी सेनालाई निर्देशन गरिरहेको तत्कलीन अवस्थामा भगतले प्रचण्डको अपिलअनुसार राजतन्त्र फाल्न शाही सेनाबाट विद्रोह गरेको २०६२ साउन १५ गते भोजपुरको घोडेटार बजारमा नेकपा (माओवादी) द्वारा उनको स्वागतार्थ आयोजित सभामा बताएका थिए । झलकुमार भगतलाई विद्रोह गर्न अपिल गर्ने प्रचण्ड प्रधानमन्त्री तथा नेता, तत्कालीन जनसेनाका कमाण्डर पाशाङ उपराष्ट्रपति भएको देशमा नेपाली सेनाले भगतलाई बेपत्ता पारेको छ । भगतलाई मंसिर ८ गते राती २ बजे मोरङ, सिद्राहास्थित नजकै निवासबाट प्रहरीले पक्राउ गरेको थियो। ११ दिनसम्म प्रहरीले हिरासतमा राखेर १९ गते नेपाली सेनालाई बुझाएको थियो । नेपाली सेनाद्वारा सोही दिन हेलीकोप्टरमा काठमाडौं लग्ने भन्दै बेपत्ता पारेको छ। नेपाली सेनाले भगतको विषयमा झूठो प्रचारबाजी पनि गरिरहेको भगतका आफन्तको आरोप छ। सो गैरकानुनी र शान्ति प्रक्रिया भाँड्ने हर्कतको विरुद्ध पुस १६ गते झलकुमार भगतका दाजु नन्दुलालले सर्बोच्च अदालतमा बन्दीप्रत्यक्षीकरण रिट दायर गरेका छन्। पुस १६ मै सर्वोच्च अदालतका माननीय न्यायाधीस श्री दीपकराज कार्कीको एकल इजलासले विपक्षीको नाममा पक्राउ गर्नुको कारण बन्दीसहित उपस्थित हुन आदेश भएको छ। भगतको पक्षमा वरिष्ठ अधिवक्त श्री एकराज भण्डारी, नेपाल सरकारका पूर्वन्यायाधीवक्ता तथा अधिवक्ता हरि फुयाँल, नेपाल सरकारका पूर्व न्यायाधीवक्ता तथा वरिष्ठ अधिवक्ता रमनकुमार श्रेष्ठ र अधिवक्ता कपिलचन्द्र पोखरेलले बहस गर्नुभएको थियो । बेपत्ता पारिएका भगत नेकपा निकट युवा संगठनका पूर्णकालीन राजनीतिक कार्यकर्ता हुन्

# नेकपाका नेता बुद्धमाथि आक्रमण



■ **रातो खबर संवाददाता**/काठमाडौं

धादिङ जिल्लाको सिद्धलेक गापा ५ स्थित कम्पुर पाँचखोलामा गुरुङ सामुदायको पर्व तमु ल्होसारको अवसरमा साँस्कृतिक कार्यक्रम भइरहेको बेला नेकपाका जिल्ला नेता बुद्ध गुरुङमाथि साङ्घातिक आक्रमण भएको छ । शनिबार राति ८:३० बजेतिर राजेन्द्र श्रेष्ठ नामक व्यक्तिले एक्कासी तीब्र गतिमा मान्छेको भीड भएतिर बा २ ख ९४०२ नम्बरको ट्रक चलाए। प्रत्यक्षदर्शीका अनुसार नाचगानको भीड भएतिर पछाडिबाट तीब्र गतिमा ट्रक आयो, सबैले देखेर दायाँबायाँ भागे । घटनाबाट अरु सबै बच्न सफल भएपनि नेपाल कम्युनिस्ट पार्टीका जिल्लानेता बुद्ध गुरुङमाथि आक्रमण भयो । गुरुङमाथि सांघातिक हमला हुँदा गम्भीर घाइते भएका छन् । नेता गुरुङको टाउकोमा गम्भीर चोट लागेको छ । उनको काठमाडौंस्थित वीर अस्पतालमा उपचार भइरहेको छ। नेकपाका धादिङ सेक्रेटरी प्रमोदले विज्ञप्ति प्रकाशित गर्दै घटनाको घोर भत्सर्ना गरेका छन्।

# पुष्कर श्रेष्ठ गिरफ्तार



■ **रातो खबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका मोरङ जिल्ला इञ्चार्ज पुष्कर श्रेष्ठलाई प्रहरीले गिरफ्तार गरेको छ। श्रेष्ठलाई मंगलबार अपरान्ह ५ बजे मोरङको विराटनगरबाट विनाकारण गिरफ्तार गरेको हो। उहाँलाई जिल्ला प्रहरी कार्यालय मोरङ लगेको बताइएको छ। पक्राउ गर्नुको कारण भने प्रहरीले खुलाएको छैन।




निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं